# बारेकोट गाउँपालिका गाउँ सभाको
# २३ औं अधिवेशन समुद्घाटन समारोहमा
# गाउँपालिका अध्यक्ष
# श्री वीर बहादुर गिरीद्वारा प्रस्तुत
# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

बारेकोट गाउँपालिका, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०८३।०३।१०

**गाउँ सभाको २३ औं अधिवेशनमा उपस्थित हुनु भएका**

**गाउँ सभा सदस्य ज्यूहरु,**

**सभा सचिवालयका कर्मचारीहरु।**

स्थानीय सरकार प्रमुखको हैसियतले सम्मानित गाउँसभालाई पाँचौं पटक नीति तथा कार्यक्रम मार्फत सम्बोधन गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ। यस अवसरमा सर्वप्रथम नेपाली जनताको राजनीतिक स्वतन्त्रता, आर्थिक समृद्धि र सामाजिक न्यायको लागि जीवन उत्सर्ग गर्नुहुने वीर शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु। विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन र सङ्घर्षमा घाईते अपाङ्ग र वेपत्ता हुनुहुने महान व्यक्तिहरु प्रति उच्च सम्मान छ।

आजको नयाँ परिवेशमा पुरानो अवस्थाको निरन्तरता भत्काउनु हामी सबैको साझा कर्तव्य हो। यो युगिन कर्तव्य पुरा गर्नु नै हामी सबैको साझा उद्देश्य हो। यही मर्म वोधका साथै हामी आज निरन्तरताको २३ औं गाउँसभामा उपस्थित भएका छौं। यो बेला सीमित स्रोत साधनको अधिकतम प्रयोग र उपयोगबाट असीमित आवश्यकता र इच्छा चाहानाहरुको सम्वोधन गर्ने परिस्थिति हाम्रो अगाडि उभिएको छ। **"सुशासन, सामाजिक न्याय र समृद्ध बारेकोट"** भन्ने मुल नारालाई सार्थक बनाउन हामीले उपलब्ध स्रोत साधनहरुको जनउपयोगी परिचालनबाट नै बारेकोट समृद्धिको आरम्भ गर्नुपर्ने छ। यात्रालाई अगाडी बढाउनु छ। यस्तो बास्तविकतालाई आत्मसाथ गर्दै नीतिगत सुधार, प्रक्रियागत प्रभावकारिता र परिणाममुखी कार्यान्वयनको लागि नीति योजना र कार्यक्रम तर्जुमा हाम्रो अभिभारा हो। यो अभिभारा पुरागर्दै अगाडि बढ्न सक्नु पर्नेछ। गणतन्त्र स्थापना पछिको दोस्रो स्थानीय तहको निर्वाचन पछि बारेकोटी जनतामा समयानुकूल अपेक्षाहरुको बढोत्तरी भएको छ तर त्यस्ता अपेक्षाहरुको सम्वोधन गर्ने स्रोतसाधनको उपलब्धता समयक्रममा बढ्न सकेको छैन। आवश्यकता बदलिएका छन् ती आवश्यकता पुरा गर्ने सामार्थ्य वलियो छैन। तथापी क्रमागत रुपमा सुन्दर र परिवर्तनको मार्ग खोल्न हामी प्रयासरत रहेकाछौं। हिजोको अभ्यास, अनुभव आजको लागि शिक्षा हुन सक्छ तर हुबहु त्यसको निरन्तरताबाट मात्रै निर्देशित हुने छुट

हामीलाई छैन। तसर्थ विगतको समीक्षा वर्तमानको यथार्तता र भविस्यको उद्देश्य सहित आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तयार गरिएको छ।

नेपालको संबैधानिक व्यवस्था अनुरुप शिक्षा, स्वास्थ्य, रोजगारी, स्वच्छ वातावरण, सूचना, र सामाजिक न्याय जस्ता मौलिक हक एवम् राज्यका निर्देशक सिद्धान्तको आर्थिक उद्देश्यमा उल्लिखित राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र एवम् उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणका लागि स्थानीय स्तरमै सर्वाङ्गीण विकासको आधारशीला तयार गर्न नीति तथा कार्यक्रम निर्माण कार्यले मात्रै हामीले चाहेको परिवर्तन हुन सक्दैन। यसका लागि नीति तथा कार्यक्रममा समावेश विषयवस्तुहरुको प्रभावकारी कार्यान्वयन गर्न यथोचित स्रोत/साधनको सुनिश्चितता गर्नुपर्ने हुन्छ।

**सभा सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम तर्जुमाका आधार प्रस्तुत गर्दछु।

नेपालको संविधान, २०७२ को भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था, अनुसूची- ८ मा स्थानीय सरकारका एकल अधिकार सूची तथा अनुसूची-९ मा रहेको स्थानीय, प्रदेश र संघको साझा अधिकार सूची, तथा स्थानीय, प्रदेश र संघीय सरकारका कानूनमा रहेर यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा बारेकोट गाउँपालिकाको गाउँ कार्यपालिका कार्य (सम्पादन) नियमावली, २०७९ बमोजिम गठित विभिन्न समितिहरु (आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकास, राजस्व परामर्श, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन) तथा अन्य समितिहरु स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विधायन समिति, सार्वजनिक लेखा समिति, संस्थागत विकास तथा सुशासन समितिहरुबाट प्राप्त सिफारिस, प्राथमिकीकरण, पृष्ठपोषण, सुझाव तथा सल्लाहलाई वार्षिक कार्यक्रम तर्जुमाको मुख्य आधारको रुपमा लिईएको छ। विभिन्न सम्बद्ध कानूनको व्यवस्था र संघीय, प्रादेशिक नीति, योजना, राष्ट्रिय लक्ष्य र गाउँपालिकाले तर्जुमा गरेको दोस्रो पञ्चवर्षीय आवधिक

योजनालाई पनि नीति तथा कार्यक्रम तर्जुमा गर्दा आधारको रुपमा लिईएको छ। गाउँपालिकाको विकास र समृद्धिको लागि सरोकार राख्ने राजनीतिकर्मी, बुद्धिजीवी, समाजसेवी, विषयगत शाखा, कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, पत्रकार तथा सम्पूर्ण बारेकोटबासी बाट प्राप्त राय, सुझाव तथा गाउँपालिकाको सार्वजनिक सुनुवाई २०८३ बाट प्राप्त सल्लाह सुझाव र जिज्ञासालाई समेत आधार मानि वार्षिक कार्यक्रम तर्जुमा गरिएको छ।

**सभा सदस्य ज्यूहरु,**

अब म चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्मका प्रमुख उपलब्धिहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्दछु।

१. गाउँपालिकाको हाल सम्म ७५.०९ प्रतिशत चालु र ३२.९५ प्रतिशत पुँजिगत खर्च गरी जम्मा ६१.२ प्रतिशत प्रगति भएको छ।

२. बारेकोट गाउँपालिकाको न्यायिक समितिमा दर्ता भएका ५५ वटा विवाद मध्ये ३५ वटा विवादहरु फछ्र्यौट गरिएको छ।

३. प्रत्येक वडामा मेलमिलाप केन्द्र व्यवस्थापन गरिएको छ।

४. मृगौला प्रत्यारोपण, डाइलासिस र क्यान्सर पहिचान भएका विरामीहरुलाई मासिक ५ हजार रुपैंया उपचार खर्च प्रदान कार्यक्रमलाई सञ्चालन गरिएको छ।

५. वर्थिङ्ग सेन्टर सुधार गरिएको छ।

६. सबै स्वास्थ्य संस्थामा ईन्टरनेट र ल्यापटप प्रिन्टरको ब्यबस्था गरिएको छ।

७. स्वास्थ्य चौकी रामिडाँडा र आधारभूत अस्पताल लिम्सालाई पोषण मैत्री स्वास्थ्य संस्था घोषणा र दिगोपना गरिएको छ।

८. कुपोषन दरलाई घटाउन (OTC) out therapati food center संचालन गरिएको छ।

९. मातृ मृत्युदर कम गर्न सुरक्षित गर्भपतनको लागि १० हप्ता सम्मको निशुल्क गर्भपतन सेवा संचालनको लागी ४ वटा संस्थालाई सूचिकृत गरिएको छ।

१०. (HMIS REPORT) का अनुसार पुर्णखोप लगाउने बच्चाहरुको दर ९५ प्रतिशत बाट १०० प्रतिशत पुऱ्याइएको छ।

११. २३ महिना सम्म २४ पटक तौल लिने बालबालिकाहरुको औषत भेट १२ बाट १७ मा पुऱ्याइएको छ।

१२. किशोरी आईरन फोलिक एसिड वितरण कार्यक्रम अन्तर्गत २६ हप्तामा आईरण खाने किशोरीको प्रतिशत ९ बाट ५४ प्रतीशत पुगेको।

१३. न्युनतम स्वास्थ्य सेवा मापदण्डमा देखिएका GAP हरुलाई सबै स्वास्थ्य संस्थामा क्रमश पुरा गर्न औजार उपकरण लगाएतका स्वास्थ्य सामाग्रीहरु ब्यबस्थापन गरि स्वास्थ्य चौकि रामिडाँडालाई ५८ प्रतिशत बाट ८४ प्रतिशतमा पुऱ्याइएको छ।

१४. घर भेट कार्यक्रममा विभिन्न प्रकारका विरामीहरुलाई स्वास्थ्य सम्बन्धि परामर्स प्रदान गरिएको छ। जसमा मधुमेह ७० जना, रक्तचाप ४४८ जनामा परिक्षण गरियो।

१५. पन्चकर्म अन्तर्गत एकाङ्ग स्नेहन स्वेदन गरियको छ।

१६. कार्यालयमा नियमित सेवा अन्तरगत बिरामीहरुको रोगको लक्षण निदान गरि औषधि वितरण संगै स्वास्थ्य सम्बन्धि परामर्श गरियो। जस्मा जम्मा बिरामी संख्या ४५४ जना महिला ३२४ जना, पुरुष १३० जना, जेष्ठ नागरिक १६७ जनाले सेवा प्राप्त गर्नुभएको छ।

१७. सडक पूर्वाधर तर्फ १८,००० मिटर नयाँ सडक निर्माण तथा ८,५०० मिटर सडक स्तरोन्नत्ती गरिएको छ।

१८. राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री सीता मा.वि., कार्कीज्यूलामा ८ कोठे भवन र श्री वीरेन्द्र ऐश्वर्य मा.वि., लिम्सा मा ४ कोठे विद्यालय भवन निर्माण कार्य सञ्चालनमा रहेका छन्।

१९. मुल्साम—जुम्ला सडक अन्तर्गत करिब १८ कि.मी. सडक खण्डको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य सम्पन्न गरि सङ्घीय समपूरक मार्फत स्रोत सुनिश्चित भएको छ।

२०. प्राविधिक तथा विविध समस्याका कारण लामो समय देखि निर्माण प्रक्रिया अगाडी बढ्न नसकेको **दोबिल्ला खोला बेली ब्रिज निर्माण आयोजना** को प्राविधिक समस्या सुल्झाईएको छ।

२१. पशु उपचार सेवा कार्यक्रम अन्तर्गत आ व २०८२/०८३ मा १५,६३८ पशुलाई उपचार गरिएको छ।

२२. अलग मानव घर अलग पशु घर कार्यक्रम अन्तर्गत आ व २०७९।०८० देखी २०८२/०८३ सम्म ३२९ वटा पशुघर निर्माण सम्पन्न गरिएको छ, र २५ पशु घरहरु निर्माण प्रक्रियामा रहेका छन्।

२३. आ. व. २०८२/०८३ मा ३५ जना किसानहरुलाई गोठालो भत्ता वितरण गरिएको छ।

२४. १४८ जना १००० दिने आमाहरुलाई कुखुराका वितरण गरिएको छ।

२५. आ.व. २०८२/०८३ मा प्रधानमन्त्री रोजगार र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३,०९९ जना बेरोजगार नागरिकहरू सूचिकृत भएका छन्।

२६. प्रधानमन्त्री रोजगार र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २५९ जना रोजगार विहीन विपन्न नागरिकहरुले रोजगारी प्राप्त गरेका छन्।

२७. स्थनीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) र गाउँपालिकाको साझेदारिमा भौतिक पूर्वाधार तर्फका १९ वटा आयोजनाहरु सञ्चालनमा रहेका छन्। जसबाट करिब ५०० जनाले रोजगारी प्राप्त गरेका छन्।

२८. मोवाइल नेटवर्क र इन्टरनेट सेवा अवरुद्ध हुँदा पनि पालिकाबाट सबै वडा र शाखाहरुमा सम्पर्क गर्न सकिने गरि फोन सेवाको विस्तार गरिएको छ।

२९. गाउँपालिकामा मिनि डाटासेन्टरको सुभारम्भ गरिएको छ।

३०. सर्वसुलभ इन्टरनेट सेवाको पहुँच विस्तारको लागि फाइबर नेट ९ वटै वडामा विस्तार गरिएको छ।

३१. गरिब घरपरिवार पहिचान, सामाजिक-आर्थिक रुपमा विपन्न परिवार पहिचान कार्यलाई तीव्र बनाइएको छ।

३२. खानेपानी तर्फ बारेकोट गाउँपालिका अन्तर्गत विभिन्न बस्तीहरुमा (७४.४५ प्रतिशत) २,८,९४ घरधुरीहरुमा सुरक्षित खानेपानी सुविधा पुर्याईएको छ ।

३३. सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता तथा पञ्जिकरण सम्बन्धी कार्यलाई पूर्ण रुपमा अनलाईन प्रणालीमा मार्फत संचालन गरिएको छ।

३४. ६० वर्ष देखि ६७ वर्ष उमेर समूहका ४७५ जना जेष्ठ नागरिकहरुलाई राहत स्वरुप स्वास्थ्य उपचार खर्च उपलब्ध गराइएको छ।

३५. श्रीमती गुमाएका १३२ जना विदुर नागरिकहरुलाई विदुर भत्ता वितरण गरिएको छ।

३६. गरीबी निवारणको लागि उद्यम विकास कार्यक्रम मार्फत उद्यमीहरुलाई उद्यमशीलता विकास सम्बन्धी विभिन्न तालिम प्रदान गरिएको छ।

३७. उद्योग तथा वाणिज्य फर्महरुलाई दर्ता, नविकरण, नामसरी, ठाउँसारी, पूँजी वृद्वी, खारेजी प्रक्रियालाई कानुनी व्यवस्था मिलाइएको छ।

३८. सार्वजनिक जवाफदेहीता तथा सूचनाको हक प्रत्याभूतिको लागि गाउँपालिकामा प्रवक्ता, गुनासो व्यवस्थापन अधिकारी, सूचना अधिकारी र बालकल्याण अधिकारिको व्यवस्था गरिएको छ।

३९. शैक्षिक सत्र २०८२ देखि लागु हुने गरी बारेकोट गाउँपालिकाको स्थानीय पाठ्यक्रम मा आधारित पाठ्यपुस्तक निर्माण गरी लागु गरिएको छ।

४०. एक वडा एक नमुना बालविकास कार्यक्रमको सुरुवात गरिएको छ।

४१. सामुदायिक बालविकास केन्द्रहरुमा बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिएको छ।

४२. आधारभूत तह कक्षा १-५ मा सूचना प्रविधि कार्यक्रम अन्तर्गत २० वटा विद्यालयहरुलाई ल्यापटप वितरण गरिएको छ।

४३. ECD सहजकर्ता तथा शिक्षकहरुको क्षमता विकास तालिम सञ्चालन गरिएको छ।

४४. ९ वटै वडाहरुमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।

४५. विद्यालयमा बुक कर्नर तथा शैक्षिक सामग्री व्यवस्थापन र विपन्न तथा जेहेन्दार छात्र/छात्राहरुलाई छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम गरिएको छ।

४६. यस आर्थिक वर्षमा शारीरिक रुपमा अशक्त भएका विभिन्न वर्गका ४३ जनालाई अपाङ्गता परिचय-पत्र वितरण गरिएको छ।

४७. लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण (GEDSI Audit) सम्पन्न भएको छ। जसमा पालिकाले ५३.५ प्रतिशत अङ्क प्राप्त गरेको छ।

४८. आ.व. २०८२/०८३ मा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) ७३% प्रतिशत अंक प्राप्त भएको छ।

४९. बारेकोट गाउँपालिकाको स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र (LEOC) स्थापना गरी चालु आ.व. २०८२/०८३ बाट सञ्चालनमा ल्याइएको छ।

५०. भूमिहिन दलित, भूहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन विवरण एकिन गरीएको छ।

५१. बारेकोट गाउँपालिकाको भू-उपयोग वर्गिकरण गरि नक्सा तयार गरिएको छ।

**सभा सदस्य ज्यूहरु,**

सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको आत्मसात गर्दै, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि बारेकोटी जनताले पटक-पटक गरेको संघर्ष र बलिदानका गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीद तथा बेपत्ता र पीडित प्रति सम्मान गर्दै सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले गरेको विभेद र उत्पीडनको अन्त्य गर्दै, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध बारेकोट निर्माण गर्न; स्थानीय शासन व्यवस्थाको सुदृढीकरणको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न यो सम्मानित सभामा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम पेश गर्दछु।

## १. आर्थिक विकास

### क) कृषि तथा पशुपंक्षी विकास

१. किवि खेति, टिमुर खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ।

२. खाद्यान्न वालीको क्षेत्र विस्तार गर्न कृषकहरुलाई खाद्यान्न वालीको गुणस्तरीय विउहरु वितरण गरिने छ।

३. व्यवसायिक कृषकहरुको लागि च्याउ तथा मौरी प्रवर्द्धन कार्यक्रम संचालन गरी व्यवसायिक मौरी पालन व्यवसायलाई प्रवर्द्धन गरिनेछ।

४. कृषकहरुले लामो समय सम्म विउ भण्डारण गर्नको लागी अनुदानमा सिडविन वितरण गरिने छ।

५. फलफूल खेती गरेका कृषकहरुको सहभागितामा बगैंचा ब्यबस्थापन तथा सुधार कार्यक्रम सञ्चालन गरिने छ।

६. स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न पर्यावरणीय कृषि उत्पादनलाई पहल गरिनेछ।

७. प्रत्यक वडाका कृषकहरुलाई आवश्यक तरकारीका वेर्नाहरु उपलब्ध गराउन पहल गरिनेछ। नमुना कृषि अभ्यास अन्य कृषकहरुले हेरेर सिक्नको लागी एक वडा एक जैविक कृषि फर्म स्थापना गर्न पहल गरिने छ।

८. कृषकहरुको क्षमता अभिवृद्दि गर्न कृषकहरुलाई विशेष तालिम संचालन गर्न व्यवस्था मिलाइने छ।

९. किसानहरुका लागि उन्नत तथा आधुनिक खेती अध्ययन अवलोकन गर्न भ्रमणको व्यवस्था मिलाइने छ।

१०. फलफूल खेती गर्ने कृषकहरुका लागी ढुवानीमा अनुदाना कार्यक्रम लागु गरिने छ।

११. तरकारी खेती गर्ने कृषकहरुलाई विऊ र कृषि सामाग्रीहरु उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

१२. कृषि बिषय अध्ययन गरेका बेरोजगार युवाहरुलाई अनुदानमा कृषि व्यवसाय कार्यक्रम संचालनका लागि पहल गरिने छ।

१३. आकस्मिक वाली संरक्षण सेवा संचालन गरिने छ ।

१४. माटो जाँच शिविर संचालन गर्न पहल गरिने छ ।

१५. रैथाने वाली संरक्षणमा विशेष पहल गरिनेछ।

१६. विद्यालय कृषि क्लव कार्यक्रम मार्फत फलफूल तरकारी तथा च्याउ उत्पादन गर्न पहल गरिने छ।

१७. किसान संग अध्यक्ष कार्यक्रम (समस्या समाधान र सुझाव संकलन) सञ्चालन गरिने छ।

**(क) सिंचाई**

१८. कृषि उत्पादनको संभाव्यता अध्ययन गरी सिँचाइका श्रोतहरुको परिचालनका लागि बिशेष पहल गरिनेछ। यसका लागि संघ तथा प्रदेश सरकार सँगको सहकार्यमा कुलो तथा लिफ्ट सिंचाइ कार्यक्रम पहल गरिने छ। कृषि उत्पादनको संभाब्यता अध्ययन गरी खेतीयोग्य जमीनमा सिँचाइ सुविधा उपलब्ध गराउन सिँचाइ प्रणालीको विकास गरी कृषि उत्पादन कार्यलाई प्राथमिकतामा राखिनेछ।

१९. जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न नदी, जोखिमयुक्त जलाशय, नदी तथा पहिरो नियन्त्रणका लागि प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२०. नदि र खोलाको कटानबाट जोखिममा परेका बस्ति तथा खेतियोग्य जमिन सुरक्षाको लागि विशेष पहल गरिनेछ।

**(ख) कला संस्कृति तथा पर्यटन**

२१. लिम्सा साईक्वारी म्याराथुन प्रतियोगित सञ्चालन गरिनेछ।

२२. पर्यटन प्रवर्द्धनका लागि साहसिक पदमार्ग निर्माणमा पहल गरिनेछ।

२३. विश्वमा लोपोन्मुख लाटो कोसेरो (हुचिल) संरक्षण सचेतनाका लागि बारेकोटमा **लाटो कोसेरो (हुचिल)** सम्मेलनको आयोजना गरिनेछ।

२४. महत्वपूर्ण पर्यटकीय स्थानहरु हिमाल, ताल, सहासिक पदमार्ग, वन्यजन्तु र बहुमूल्य जडिबुटीहरुको पहिचान, प्रचार प्रसार, संरक्षण प्रवर्द्धनको लागि अनुगमन, नियमन तथा भिडियो डकुमेन्ट्री तयार गर्ने व्यवस्था मिलाइनेछ।

२५. यहाँका सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल, संस्कृति, सभ्यताको खोज, संरक्षण र सम्वर्द्धन गरिनेछ। साथै प्रचार प्रसारका लागि आवश्यक कार्यक्रमहरु जस्तै सामाजिक संजाल, वेबसाइट प्रयोगका साथै श्रब्य दृश्य सामग्री निर्माण गर्न पहल गरिनेछ।

२६. जिल्लाकै सुन्दर बस्ति सिर्पाचौरमा होमस्टे संचालनका लागि आबश्यक आर्थिक तथा प्राविधिक सहयोगमा होमस्टे संचालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

२७. धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण कला संस्कृतिको संवर्द्धन, पुरातत्व विभागमा सूचीकृत गराउने, पर्यटन प्रवर्द्धनको लागि पार्कको स्थापना गर्ने आदि व्यवस्था मिलाइनेछ।

२८. बारेकोटको प्रसिद्ध देवता राँगाबाँचिलाको मन्दिर निर्माण गरी दैविक शक्तिपिठको रुपमा स्थापित गर्न विस्तृत योजना निर्माण भइसकेकोले आवश्यक कार्य अगाडि बढाउन पहल गरिने छ।

२९. पर्यटन प्रवर्द्धन र विकासका लागि आउने आर्थिक वर्षमा **"बारेकोट चिनाउ अभियान"** संचालनका लागि विशेष कार्यक्रम संचालन गर्न पहल गरिनेछ।

३०. बारेकोटको कला संस्कृति र बाजा संरक्षणका निम्ति विशेष व्यवस्था मिलाइनेछ।

३१. बारेकोट गाउँपालिकाको वडा नं. ३ मुलसामा पर्यटन प्रवर्द्धन र भविस्यमा बारेकोट गाउँपालिकामा आउनसक्ने जल संकटलाई न्यूनीकरण गर्न मानव निर्मित जलासय निर्माणको कार्यलाई अगाडि बढाइनेछ।

**(ग) उद्यम विकास,**

३२. सीप परीक्षणका लागि आवश्यक प्रक्रियाको थालनी गरिनेछ।

३३. गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत स्थानीय कच्चा पदार्थमा आधारित उद्यम विकासका लागि प्राविधिक सीप विकास तालिम सञ्चालनलाई निरन्तरता दिइनेछ।

३४. उद्यमशीलताको माध्यमबाट व्यक्तिहरुलाई स्वरोजगार तथा रोजगारीका अवसर सिर्जना गर्न ज्ञान, सीप, प्रविधि र आवश्यक कार्यक्रम प्रदान गरिनेछ।

३५. श्रमबजारसँग सूचना तथ्याँङ्कहरु (रोजगारीका अवसर, बेरोजगारीको अवस्था, आवश्यक सीप, ज्याला दर, श्रमिकको माग र आपूर्ति आदी) सङ्कलन विश्लेषण र प्रसारण गरिनेछ।

३६. स्थानीय उत्पादन प्रवर्द्धन र विस्तार गरिनेछ।

३७. सीप सिकेका व्यक्ति तथा उद्यमीहरुको लागि पुर्नताजकी तालिम सन्चालन गरिनेछ।

**(घ) उद्योग, वाणिज्य र सहकारी**

३८. स्थानीय उद्यमशीलता विकास, उद्यम स्थापना र स्थानीय स्रोत साधनको प्रयोगलाई प्रोत्साहन गर्न उद्यमशीलता प्रोफाइल निर्माण गरिनेछ।

३९. बारेकोटमा रहेका खनिज फलाम खानी र तामाखानीको सम्भाव्यता अध्ययनका लागि संघ तथा प्रदेश सरकारको सहकार्यमा पहल गरिनेछ।

४०. दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने व्यवस्था मिलाउनुका साथै नियमित अनुगमन तथा नियमन मार्फत बजारलाई व्यवस्थित गरिनेछ।

४१. बजारमा अवधि नाघेका खाद्यवस्तु र औषधि बिक्री वितरणमा रोक लगाइनेछ। दर्ता नभएका, उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तयारी खाद्यवस्तु बजारमा बिक्री वितरणमा प्रतिबन्ध लगाइनेछ।

४२. खाद्यन्न आपूर्तिका लागि घाट बजारमा स्थापना भएको खाद्य डिपोमा खाद्यान्न आपूर्तिको व्यवस्था मिलाइनेछ र नुन आपूर्तिको लागि नुन डिपोको स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

४३. तिन खम्बे अर्थ नीति अनुसार पालिका भित्र संचालनमा रहेका सम्पूर्ण सहकारीहरुलाई क्रियाशिल बनाउने र सहकारी संस्थासँगको साझेदारीमा आयआर्जन गरीबी निबारण स्व-रोजगार सिर्जना सम्बन्धि कार्यक्रम संचालन गर्न पहल गरिनेछ।

## २. सामाजिक विकास

### (क) शिक्षा, यूवा तथा खेलकुद

४४. विद्यालय क्षेत्र सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

४५. गाउँपालिका भित्रका सबै विद्यालय उमेर समूहका बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गर्दै विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय शिक्षाको मूलधारमा ल्याइनेछ।

४६. दलित, जनजाति, विपन्न, अपाङ्गता भएका तथा छात्राहरूको शिक्षामा पहुँच र निरन्तरता सुनिश्चित गर्न छात्रवृत्ति तथा लक्षित सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

४७. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षक दरबन्दी व्यवस्थापन, शिक्षकको क्षमता विकास, नियमित शैक्षिक अनुगमन तथा सिकाइ उपलब्धि अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

४८. विद्यार्थीको सिकाइ उपलब्धि परिक्षण तथा अभिवृद्धि गर्न आसमान नेपालसँग सहकार्य गरि (Teaching at Right Level (TaRL) कार्यक्रमलाई निरन्तर रुपमा लागु गरिनेछ।

४९. विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउन सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणाली विस्तार गरिनेछ तथा विद्यालयहरूमा डिजिटल शिक्षण सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

५०. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला तथा सूचना प्रविधि पूर्वाधारको विकास र सुदृढीकरण गरिनेछ।

५१. शैक्षिक तथ्याङ्क व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरी योजना निर्माण, कार्यान्वयन तथा अनुगमनलाई तथ्यमा आधारित बनाइनेछ।

५२. विद्यालय सुधार योजना (SIP) तथा स्थानीय शिक्षा योजना कार्यान्वयनमा आवश्यक सहयोग तथा सहजीकरण गरिनेछ।

५३. प्रारम्भिक बाल विकास तथा पूर्व प्राथमिक शिक्षाको गुणस्तर सुधार गरी बालमैत्री सिकाइ वातावरण निर्माण गरिनेछ।

५४. विद्यालयमा सुरक्षित खानेपानी, सरसफाइ, बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।

५५. नमुना बालविकास तथा विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।

५६. स्थानीय भाषा, कला, संस्कृति, इतिहास, पर्यटन तथा मौलिक ज्ञानलाई समेटी स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ।

५७. स्थानीय पाठ्यपुस्तक लेखन, छपाई तथा कार्यान्वयनलाई निरन्तरता दिइनेछ।

५८. विद्यालय तहमा खेलकुद, कला, साहित्य, विज्ञान तथा नवप्रवर्तनात्मक गतिविधिलाई प्रोत्साहन गरिनेछ।

५९. राष्ट्रपति रनिङ शिल्ड लगायत अन्तरविद्यालय खेलकुद तथा अतिरिक्त क्रियाकलाप कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ।

६०. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा समुदायको सहभागितामा विद्यालय सुशासन तथा उत्तरदायित्व अभिवृद्धि गरिनेछ।

६१. माध्यमिक तहका विद्यार्थीहरूका लागि करियर परामर्श, जीवनोपयोगी सीप तथा रोजगारमुखी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

६२. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्न सम्बन्धित निकायसँग सहकार्य गरी आवश्यक कार्यक्रम तथा सीप परिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

६३. उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीलाई प्रोत्साहन र सम्मान गर्ने व्यवस्था गरिनेछ।

६४. गाउँपालिका अनुदानमा कार्यरत सबै शिक्षक तथा कर्मचारीहरुको मासिक तलबमा समान रुपमा हेरफेर गरिनेछ।

६५. शिक्षामा लैङ्गिक समानता, सामाजिक समावेशिता तथा बाल अधिकारको संरक्षणलाई संस्थागत गरिनेछ।

६६. विद्यालयमा मानसिक स्वास्थ्य, किशोरकिशोरी शिक्षा, स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६७. विश्व खाद्य कार्यक्रमको प्राविधिक तथा आर्थिक सहयोगमा विद्यालय दिवा खाजालाई थप प्रभावकारी बनाइनेछ। साथै विद्यालयमा योगा कार्यक्रमलाई जोडिनेछ।

६८. सङ्घीय तथा प्रदेश सरकारसँगको समन्वयमा शिक्षासम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।

६९. विद्यालमा विपद शिक्षा कार्यक्रम संचालन गर्न पहल गरिने छ।

**(ख) स्वास्थ्य**

७०. मनसिक स्वास्थ्य कार्यक्रमलाई यस वर्षमा पनि निरन्तरता दिइनेछ।

७१. लागु औषध दुर्व्येशनी विरुद्ध विशेष अभियान सञ्चालन गरिनेछ।

७२. मृगौला प्रत्यारोपण, डाइलासिस, क्यान्सर पहिचान भएका विरामीहरुलाई मासिक पाँच हजार रुपैंया उपचार राहत प्रदान कार्यक्रमलाई सञ्चालन गर्नका लागि सङ्घीय सरकारबाट सोधभर्ना हुने गरी आवश्यक पहल गरिनेछ।

७३. आम बारेकोटी नागरिकहरुको स्वास्थ्य आवश्यकता परिपूर्तिका लागि उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक र उपचारात्मक सेवा जस्ता आधारभूत स्वास्थ्य सेवाहरुलाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।

७४. मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्याबाट ग्रसित व्यक्तिहरुको सम्मानजनक रूपमा उपचारमा पहुँच वृद्धिहुने एवं आवश्यक सीप, ज्ञान तथा तालिमको व्यवस्था गरी सामाजिक मुलधारमा व्यवसायिक रुपमा पुनःस्थापनको लागि आवश्यक व्यवस्था गरिनेछ।

७५. आधारभूत अस्पताल लिम्सालाई भौतिक तथा प्राविधिक जनशक्ति र उपकरणको व्यवस्था गरी सक्षम बनाई गुणस्तरीय सेवाप्रवाह गर्ने व्यवस्था मिलाईनेछ।

७६. स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन र विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

७७. गाउँपालिका भित्र रहेका वर्थिङ सेन्टरहरुमा प्रसुति हुन नसकी जटिल अवस्थाका आमाहरुलाई आकस्मिक प्रेषणका लागि पालिकाको दररेट अनुसार एम्बुलेन्स खर्च व्यवस्थापन गरी मातृ तथा शिशु मृत्युदर शुन्य बनाइनेछ।

७८. मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल (CMC Nepal) सँगको सहकार्यमा संचालित सामुदायिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग कार्यक्रमलाई प्रभावकारी बनाउन निरन्तरता दिइनेछ।

७९. मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल (CMC Nepal) र यस गाउँपालिकाको सहकार्यमा सञ्चालित मनोसामाजिक परामर्श तथा उपचार कार्यक्रममा कार्यरत मनोसामाजिक परामर्श कर्ताको पारिश्रमिकको लागि व्यवस्था मिलाइनेछ।

८०. **"स्वस्थ बारेकोट समृद्ध बारेकोटी"** को स्थानीय लक्ष्य हाँसलि गर्न स्वास्थ्यका ६ स्तम्भहरुलाई ध्यान दिइनेछ। (१) मानव श्रोत, (२) आर्थिक श्रोत, (३) औषधी औजार र उपकरण, (४) नेतृत्व तथा सुशासन (५) सूचना प्रणाली (६) स्वास्थ्य पूर्वाधार।

८१. तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मी र सुचीकृत संस्थाहरुबाट निःशुल्करुपमा गर्भपतन सेवा सञ्चालन गर्न कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८२. आकस्मिक अवस्थामा अक्सिजन आवश्यक पर्ने बिरामीलाई सर्वसुलभ तरिकाले अक्सिजन उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

८३. अति बिपन्न नागरिकहरुको स्वास्थ्य उपचारमा सहयोगका लागि स्थानीय आपतकालिन आकस्मिक कोषलाई निरन्तरता दिइनेछ।

८४. गाउँपालिका अन्तर्गतका ६० वर्ष नाघेका जेष्ठ नागरिकहरुको उपचारका लागि घुम्ति शिविर संचालन गर्ने प्रबन्ध मिलाइनेछ।

८५. आँखाका विरामीहरुको लागि पालिकामा आँखा उपचार केन्द्र स्थापना गर्न आवश्यक पहल गरिनेछ।

८६. बारेकोटबासीलाई सर्वसुलभ र गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नीतिगत, कानूनी र संरचनागत सुधार गरिनेछ।

८७. १५ शैयाको आधारभूत अस्पताल लिम्सामा राष्ट्रिय लक्ष्य अनुरुप गाउँपालिकाबाट आवश्यक सहयोग गरी थप विशेषज्ञ डाक्टरहरुको व्यवस्थापन गर्न पहल गरिनेछ। यसै वर्षबाट आधारभूत अस्पतालमा एक्सरे लगायतका विशेष उपकरण र सो संचालनका लागि स्वास्थ्यकर्मीलाई आवश्यक तालिम संचालन गर्ने र स्वास्थ्य केन्द्रबाट बीरामीलाई २४ सैं घन्टा सेवा प्रवाह गर्न थप सेवा सुविधाको व्यवस्था गरिनेछ।

८८. बारेकोट गाउँपालिका भित्र रहेका सम्पूर्ण आधारभुत स्वास्थ्य केन्द्रहरुलाई सेवा विस्तार गरी वर्थीङ्ग सेवा, प्रयोगशाला सेवा, दक्ष जनशक्ति सहित स्तरोउन्नती गर्न आवश्यक पहल गरिनेछ।

८९. आधारभुत अस्पताल लिम्सामा भ्याक्सिन स्टोर गर्नका लागि कोल्डचेनको व्यवस्था गर्नुका साथै पालिका भित्रका बर्थिङ सेन्टरहरुलाई व्यवस्थित गर्दै अन्य स्वास्थ्य

संस्थाहरुमा आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन सुरक्षित सुत्केरी सेवा संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९०. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा अति आवश्यक औजार उपकरण, स्ट्रेचर फर्निचर जस्ता साधन श्रोतले सम्पन्न बनाउदै लगिनेछ।

९१. जोखिममा परेका गर्भवती तथा सुत्केरी आमा र बच्चाको जीवन रक्षाका लागि हवाइ उद्धार सेवा सञ्चालनका लागि आवश्यक समन्वय गरिनेछ।

९२. स्वास्थ्यकर्मीहरुको सीप बिकासका लागि बिभिन्न तालिम संचालन गर्न जिल्ला प्रदेश र संघीय सरकारसंग समन्वय गरी तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

९३. पोषणसँग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकतामा राखी संचालन गरिनेछ।

९४. कडा प्रकृतिका रोग लागेर उपचार गर्न नसकेका नागरिकहरुका लागि उपचारको व्यवस्था मिलाउन पहल गरिनेछ।

९५. संङ्घीय सरकारसँगको समन्वयमा सबै नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध हुने व्यवस्था मिलाइनेछ।

९६. सबै स्वास्थ्य संस्थाहरुमा सौर्य प्रणली तथा इन्टरनेट जडान गरी प्रविधि मैत्री स्वास्थ्य नीति अवलम्बन गर्न पहल गरिनेछ।

९७. क्षयरोग तथा कुष्ठरोगका बिरामीहरुको पहिचान तथा सहज उपचारको व्यवस्था मिलाईनेछ।

९८. सरकारी तथा गैह्र सरकारी  संघ सँस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिदै थप स्वास्थ्य क्षेत्रमा सहकार्य गर्ने संघ सँस्थाहरुलाई कार्यक्रम लागु गर्न प्रोहोत्सान गरिने छ।

९९. सामुदायिक महिला स्वास्थ्य स्वंयमसेविकाहरुका लागि सहुलियत स्वरुप प्रदान गर्दै आएको प्रोत्साहन भत्ता आ.व. २०८३/०८४ मा पनि निरन्तरता दिइनेछ। साथै अवकास उमेरहद पुगेका र स्वैच्छिक अवकाश जान चाहाने महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई एकमुष्ट प्रोत्साहन दिने व्यवस्था गरिनेछ।

१००. लगातार २४ पटक वृद्धि अनुगमन गरी सामान्य तौल भएका बच्चा, आमाहरुका लागि प्रशंशा पत्र तथा पोषिलो उपहार वितरण कार्यक्रम सञ्चानल गर्न व्यवस्था मिलाइनेछ।

१०१. माध्यमिक विद्यालयका सम्पूर्ण किशोरिहरुलाई यौन तथा प्रजनन स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१०२. नवजात शिशुहरुको **मृत्युदर घटाउन** सुत्केरी भई चौवीस घण्टा सम्म स्वास्थ्य संस्थामा बस्ने आमाहरुका लागि खाना खर्चको व्यवस्था मिलाइनेछ।

१०३. वाथ रोग लगायत हाड जोर्नी तथा नसा सम्बन्धी विभिन्न समस्यालाई न्यूनीकरण गर्न **"पुर्वकर्म तथा पञ्चकर्म"** कार्यक्रम सञ्चालन गरिनेछ।

१०४. स्वस्थवृत्त, सदवृत, आचार रसायन, आयुर्वेद जीवनशैली सम्बन्धी सचेतना, स्थानीय तहमा उपलब्ध हुने जडिबुटीको उपयोगीता तथा विद्यालय स्तरदेखी नै योग शिक्षाका बारेमा जानकारी दिन पालिकाका सबै माध्यमिक विद्यालयहरुमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रमलाई सञ्चालन गरिनेछ। साथै विद्यालयका प्रधानाध्यापक तथा स्वास्थ्य शिक्षकहरुका लागि आयुर्वेद सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ।

१०५. आयुर्वेद तथा जडिवुटिहरुको बारेमा महिला स्वंयमसेविकाहरुलाई जनाकारी दिई उनिहरु मार्फत स्थानीय जनतालाई जडिबुटिको परिचय, प्रयोग तथा महत्व बारे जानकारी दिन महिला स्वास्थ्य स्वंमसेविकाहरुलाई जडिबुटि सम्वन्धि अभिमुखीकरण कार्यक्रम गरिनेछ।

### (ग) खानेपानी तथा सरसफाई

१०६. पानीको जीवन उपयोगितालाई सिद्ध गर्न साझेदार संघ संस्थाहरुसँगको सहकार्यमा जल उपयोग गुरुयोजना अनुसार कार्यक्रम अगाडि बढाइनेछ।

१०७. खानेपानी तथा सरसफाईको दीर्घकालीन समस्या समाधान गर्न शुद्ध खानेपानी र स्वस्थ वातावरण निर्माणका लागि बिशेष पहल गरिनेछ।

१०८. स्वास्थ्य तथा सरसफाईका लागि खानेपानीको लक्ष्य पुरा गर्ने नीति अनुरुप **"एक घर एक धारा"** कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ, साथै विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय लगायत सबै सार्वजनिक सँस्थाहरुमा स्वच्छ पिउने पानीको सुविधा बिस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०९. खानेपानी योजनाहरुको दीर्घकालिन उपयोगिताका लागि हरेक योजनाहरुमा मर्मत संभार कोष स्थापना गर्ने व्यवस्था मिलाइनेछ।

११०. वार्मप-हेल्भेटास (WARMP-HELVETAS) लगायतमा खानेपानीका क्षेत्रमा काम गर्ने संघ सँस्थाहरु सँगको सहकार्यलाई निरन्तरता दिदै खानेपानीको समस्या समाधानको लागि पहल गरिनेछ।

१११. सरसफाई सम्बन्धी रणनीतिक कार्ययोजना बनाई सरसफाई लक्षित कार्यक्रम सञ्चालन गर्दै स्वच्छ वातावरण र स्वस्थ नागरिक निर्माणको अभियान सञ्चालन

गरिनेछ। आवश्यकता अनुसार सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयहरु निर्माणका लागि पहल गरिनेछ।

११२. एक घर एक धारा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न र दिगो व्यवस्थापनका लागि पालिका स्तरमा खानेपानी, सरसफाई, स्वच्छता तथा मर्मत सम्भार समिति गठन गरी परिचालन गर्ने व्यवस्था आ. व. २०८३/०८४ देखि मिलाइनेछ।

११३. साना तथा ठुला खानेपानी योजना निर्माण तथा मर्मतका लागि प्रधानमन्त्री रोजगार, मुख्यमन्त्री रोजगार र गाउँपालिकाको श्रम बैंकमा आवद्ध श्रमिकहरुलाई योजनागत विभाजन गरि कार्यक्रम सन्चालन गरिनेछ।

११४. वातावारणीय शिक्षालाई प्रभावकारी बनाउदै फोहरमैला व्यवस्थापन गर्न नागरिक सहभागितालाई सुनिश्चित गर्न पहल गरिने छ

११५. बारेकोट गाउँपालिकाका सबै बजार क्षेत्र तथा बस्तीहरुबाट उत्पादन हुने फोहोरको उचित व्यवस्थापनका लागि गल्ने र जल्ने तथा नगल्ने र नजल्ने फोहोर वर्गीकरण गर्ने व्यवस्था गरिनेछ। साथै ल्याण्ड फिलसाइट (डम्पिंग साइट) निर्माण गर्न सम्भाव्याता अध्ययन गर्न पहल गरिनेछ।

११६. स्थानीय, गैरसरकारी सस्था लगायतका संघ संस्थाहरुको समन्वय सहकार्य एवंम् जवाफदेहितामा सामुदायिक तथा वातवरणीय सरसफाई सम्बन्धि कार्यक्रम प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न पहल गरिनेछ।

११७. वातावरण तथा पानीका मुहानहरु संरक्षण कार्यक्रम थप विस्तार गर्नको लागि माध्यामिक विद्यालयका विद्यार्थीहरुका लागि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

**(घ) महिला बालबालिका तथा जेष्ठ नागरिक (लक्षित वर्ग)**

११८. बाल विवाह न्यूनिकरणका लागि जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ।

११९. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार, संरक्षण, सशक्तीकरण र समावेशी विकासलाई प्राथमिकता दिइनेछ। साथै महिला तथा बालबालिकामाथि हुने हिंसा, विभेद, दुर्व्यवहार तथा मानव बेचबिखन नियन्त्रणका लागि आवश्यक समन्वय र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२०. बाल अधिकारको संरक्षण, बालमैत्री वातावरण निर्माण तथा बालश्रम न्यूनीकरणमा विशेष ध्यान दिइनेछ। साथै बालश्रम बालशोषण अन्त्य गर्न तथा सडक बालबालिकामुक्त पालिका निर्माण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

१२१. एकल महिलाहरुको समुह निर्माण गरी समुहमा आधारित सामाजिक कल्याण र आयआर्जन उन्मुख कार्यक्रमलाई निरन्तरता दिइन्छ।

१२२. मानव बेचविखन तथा ओसारपसार र लागुऔषधको उत्पादन ओसारपसार र प्रयोगलाई नियन्त्रण गर्नका लागि जनचेतना मूलक कार्यक्रम संचालन गर्न पहल गरिनेछ।

१२३. अपाङ्ग परिचयपत्र वितरण कार्यक्रमलाई निरन्तरता दिदै अपाङ्ग तथा पिछडिएका वर्गहरुको आर्थिक तथा सामाजिक अवस्था सुधारका कार्यक्रमहरु लागू गरिनेछ।

१२४. लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण ( GEDSI Audit) को निरन्तरताका साथै लैंगिक उत्तरदायी बजेट कोडिङ (GRB Coding) का लागि विशेष कार्यक्रम गरिनेछ।

१२५. महिला, बालबालिका तथा ज्येष्ठनागरिक सम्बन्धी मनाइने विभिन्न दिवस तथा अभियानहरु संचालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।।

## ३. पूर्वाधार विकास तर्फ

१२६. अब बन्ने निजी तथा सार्वजनिक भवनहरु पूर्णरुपमा बारेकोट गाउँपालिकाको भवन निर्माण संहिताको पालना गरि भूकम्प प्रतिरोधी भवन निर्माणमा जोड दिइनेछ।बारेकोट गाउँपालिकाका निजी आवास तथा सामुदायिक भवन निर्माणका लागि विभिन्न दातृ निकायहरुसँग समन्वय गरिनेछ।

१२७. बारेकोट गाउँपालिका वडा नं ३ को मुल्सामका बस्तीहरुमा आगामी आर्थिक बर्ष २०८३/०८४ मा सडकको सञ्जालन पुऱ्याएर यातायात सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१२८. बारेकोट गाउँपालिका रामिडाँडा केन्द्र विन्दु भई गएको भूकम्पबाट क्षति भएका निजी आवासहरुको पुर्ननिर्माण गर्न आवश्यक पहल गरिनेछ।

१२९. हाल सम्म निर्माण भई संचालनमा आएका सबै सडकहरुलाई बाह्रै महिना यातायात संचालन गर्ने गरी सडकको स्तरोन्नती गर्न **"विशेष सडक स्तरोन्नती कार्यक्रम"** ल्याउने व्यवस्था मिलाउने छु। यसका लागि संघीय सरकार र प्रदेश सरकार तथा साझेदार निकायहरुसँग आवश्यक पहलकदमी थालनी गरिनेछ।

१३०. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागि टुक्रे योजना निर्माण गरी काम गर्ने परिपाटीलाई पूर्णरुपमा अन्त्य गरी सडक स्तरोन्नती अन्तर्गत सडक नाली मात्र निर्माण गर्न आवश्यक व्यवस्था मिलाइएको छ। सो काम गर्नका लागि गाउँपालिकाबाट समपुरक रकमको व्यवस्था गरिनेछ।

१३१. पालिका केन्द्र देखि सदरमुकाम सम्मको सडक सम्पर्क सहज बनाउन सडको स्तरोन्नती र सडक पुल निर्माण सुरु भएको छ, सेपुखोला, दोविल्ला खोला काउली खोला मोटरेवल पुल निर्माण कार्यलाई आ.व.२०८३/०८४ मा सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।

१३२. विगत आ.व. हरुमा कार्य संचालन भइ कार्य सम्पन्न हुन बाँकी विभिन्न आयोजनाहरुको कार्यसम्पन्न गर्ने कार्यलाई यो आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

१३३. **"उज्यालो बारेकोट"** निर्माणका लागि केन्द्रिय बिद्युत प्रसारण लाइन बारेकोटसम्म बिस्तार र स्थानीय साना लघु जलविद्युत मर्मतका लागि आवश्यक पहल गरिनेछ।

१३४. नेपाल सरकारले तोकेअनुसार बर्गीकरण गरिएका ग्रामिण सडक, शहरी सडक, संघीय सडक तथा राष्ट्रिय सडक (Village Road, City Road, Federal Road, National Highway) को मापदण्ड अबलम्बन गरिनेछ।

१३५. सडक, भवन र पुलहरुको मुल्यांकन गर्ने नयाँ प्रविधिको अबलम्बन गर्न प्राविधिकहरुको क्षमता विकास गर्न पहल गरिनेछ।

१३६. गाउँपालिकाबाट सञ्चालित योजनाहरुमा कामगर्ने कामदारहरुको सामुहिक दुर्घटना बिमा गर्ने व्यवस्था मिलाइनेछ।

१३७. बरेकोट गाउँपालिका वडा नं. ४ मा रहेको रक गार्डेनको विस्तृत परियोजना प्रतिवेदन (DPR) सम्पन्न भइसकेको हुँदा उक्त रक गार्डेनलाई पर्यटकीय गन्तव्य (Tourism Spot) का रूपमा विकास गर्न आवश्यक पूर्वाधार तथा निर्माणसम्बन्धी कार्यहरू अगाडि बढाउन पहल गरिनेछ। साथै, पर्यटकमैत्री वातावरण निर्माण, आवश्यक संरचना निर्माण तथा सौन्दर्यीकरणका कार्यहरू सञ्चालन गरी उक्त क्षेत्रलाई स्थानीय पर्यटन प्रवर्द्धनको महत्वपूर्ण केन्द्रका रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ।

## ४. भवन तथा सहरी विकास :

१३८. जनता आवास, खर मुक्त छाना र एकिकृत बस्ती विकासको कार्यक्रमलाई संघ र प्रदेश सरकारसँगको सहकार्यमा अगाडि बढाइनेछ।

१३९. जनता आवास, खर मुक्त छाना र एकिकृत बस्ती विकासको कार्यक्रमलाई संघ र प्रदेश सरकारसँगको सहकार्यमा निरन्तरता दिइनेछ।

## ५. वन, वातावरण तथा विपद् व्यवस्थापन :

१४०. विद्यालय स्तरमा विपद् शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।

१४१. वनजंगलको संरक्षणको लागि जिल्ला वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सामुदायिक वन र स्थानीय संघ संस्था तथा स्थानीय सरोकारवाला नागरिकहरुसँग सहकार्य गरी डढेलो, चोरी निकासी नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ।

१४२. सरकारी बाँझो जमिन, सडक, पानीका मुहान तथा पहिरो जोखिम क्षेत्रहरुमा वृक्षारोपन गर्न पहल गरिनेछ।

१४३. वातावरणीय स्वच्छता अभिवृद्धि तथा **"जलवायु परिवर्तन हरित गृह प्रभाव रोक्न"** हरेक वडाहरुमा वृक्षारोपन गर्ने कार्यक्रम संचालन गरिनेछ।

१४४. जडीबुटीको खोजतलास संकलन र निकासीका लागि नीतिगत प्रवन्ध गरी बारेकोटमै जडीबुटी प्रशोधन केन्द्र स्थापनाका लागि संघ सरकार संग अनुरोध गरिने छ।

१४५. गिट्टी, ढुङ्गा, बालुवा, माटो लगायतका प्राकृतिक सम्पदाको उचित र व्यवस्थित उपयोगको नीति र अन्य अतिक्रमणलाई नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ।

१४६. विपद् पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनर्स्थापना र लेखाजोखा लगायतका सबै चक्रलाई आत्मसात् गरी समन्वयात्मक क्रियाकलापहरुलाई निरन्तरता दिइनेछ।

१४७. गाउँपालिका क्षेत्र भित्र अमुल्य लोपोन्मुख वन्यजन्तु, जडिबुटी पाइने तर तिनिहरुको चोरी शिकारी तथा निकासी पैठारी हुने गरेकोले यसको नियन्त्रण तथा न्यूनीकरणका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

१४८. बारेकोटको जडिबुटी संकलन र निकासीको लागि आवश्यक संस्थागत पहल गरिनेछ।

१४९. बाढी पहिरोका कारण बारेकोटका अधिकांश गाउँबस्तीहरु उच्च जोखिममा रहेकोले **एकीकृत बस्ती व्यवस्थापन कार्यक्रम** संघ तथा प्रदेश सरकारको सहकार्यमा अगाडी बढान पहल गरिने छ।

१५०. बाढी, पहिरो, भूक्षय रोक्नका लागि **"रुख रोपौं, आफू बचौं र गाउँलाई बचाऔं"** कार्यक्रमलाई अगाडी बढाउन पहल गरिनेछ।

१५१. नदि तथा खोलाको कटानमा परेर उच्च जोखिममा रहेका सबै वडाका अतीजोखिम युक्त बस्तीहरुमा  बस्ती सुरक्षा गर्न तटवन्धन निर्माणका लागि आवश्यक पहल गरिनेछ।

१५२. नागरिकहरुलाई वर्षातको समयमा हुनसक्ने विपद्जन्य समस्या र जलजन्य प्रकोपका कारण हुन सक्ने सम्भावित क्षति कम गर्न विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक सजकता अपनाइनेछ।

१५३. वर्षातको समयमा फैलन सक्ने महामारी र सरुवा रोगको प्रकोप वढ्न सक्ने सम्भावनालाई मध्यनजर गरी संघ, प्रदेश तथा दातृ निकायहरुको सहयोग र सहकार्यमा प्रभावकारी व्यवस्थापनमा जोड दिइनेछ।

१५४. जलवायु परिवर्तन तथा वातावरण व्यवस्थापन नीति तथा कार्यविधी बनाई पालिका भित्र कार्यान्वयन हुने प्रत्येक आयोजनाहरु जलवायुमैत्री बनाईनेछ। जसबाट जलवायु अनुकुलनमा टेवा पुग्नेछ।

१५५. फोहोरमैला ब्यवस्थापन ऐन निर्माण गरि पालिका भित्र उत्पादन हुने फोहोरलाई व्यवस्थापन गरिनेछ।

१५६. स्थानीय पूर्वाधार विकासलाई जलवायुमैत्री, उत्थानशिल, हरित पुनर्लाभ र श्रममूखि बनाई पूर्वाधार विकासको क्षेत्रलाई दिगो र समावेशी बनाउने नीति अवलम्बन गरिनेछ।

१५७. पालिका तथा संघसंस्थाहरुबाट सञ्चालन गरिने पूर्वाधार निर्माण आयोजनाहरुमा वातावरण मैत्री नीति अवलम्बन गरिनेछ।

१५८. भौगर्भिक अध्ययनबाट पहिचान भएका जोखिम स्थानहरुका वस्तीहरुको नक्सांकन गरी सुरक्षित स्थानमा स्तथानान्तरण गर्न पहल गरिनेछ।

१५९. वाढी तथा पहिरोको जोखिम् कम गर्न विभिन्न निकायहरुसँग लागत साझेदारी गरी पूर्वसूचना प्रणाली सुदृढ गर्दै लगिनेछ।

१६०. स्थानीय तहमा गरिएको भौगर्भिक अध्ययन प्रतिवेदनको आधारमा वर्ग २ मा रहेको बस्तीहरुमा अल्पिकरणको कामहरु गरिनेछ। सोको स्रोत व्यवस्थापनको लागि जिल्ला, प्रदेश र संघीय सरकार समक्ष आवश्यक समन्वय र पहल गरिनेछ। अल्पीकरण योजना सञ्चालन गर्दा वातावारणमैत्री, प्रकृतीमैत्री र परम्परागत रैथाने ज्ञानलाई प्राथमिकता दिइनेछ।

१६१. अति उच्च जोखिममा रहेका बस्तीहरुको पुनर्निर्माण तथा पुनर्स्थपनाका लागि स्थानीय सरकारले व्यहोर्नुपर्ने लागत रकमको व्यवस्था गरिनेछ। पहिरो जोखिम (वर्ग २) बस्तिको प्राथमिकता तथा प्राविधिक सम्भाव्यताका आधारमा पहिरो जोखिम न्यूनीकरण गर्न विज्ञहरु संलग्न गराई प्राविधिक अध्ययन गर्ने र विस्तृत प्राविधिक प्रतिबेदन तयार गर्न पहल गरिनेछ।

१६२. जोखिमको सम्मुखमा रहेका बस्तीलाई अस्थायी स्थानानतरणका लागि पहिचान भएका खुला तथा सुरक्षीत स्थानमा अति आवश्यक पूर्वाधारहरुको सुनिश्चितता सहित अत्यावश्यक बस्तुहरुको व्यवस्था मिलामउन पहल गरिनेछ।

१६३. PIN नेपालको सहयोगम आपतकालिन राहत सामाग्रीहरुको भण्डारण घर WareHouse लाई व्यवस्थित गराइने।

१६४. पूर्वाधार विकासको योजना तर्जुमा तथा निर्माण कार्य गर्दा जोखिम न्यूनीकरणको पक्षलाई एकिकृत गरी, कच्ची सडक आसपासको भीर पाखोमा अम्रिसो, बाँस, सिट्ठो र भूजेत्रो रोपण गर्ने कार्यको थालनी गरिनेछ।

१६५. भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया अगाडी बढाइनेछ। नापी विभाग बाट प्राप्त नक्साहरु लाई स्थानीय तहको आवश्यकताको आधारमा अद्यावधिक गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ।

१६६. विपद् व्यवस्थापनका क्षेत्रमा भएका असल अभ्यासहरुको अध्ययन अवलोकन तथा सिकाइ भ्रमणको व्यवस्था गर्न पहल गरिनेछ।

१६७. विपद् व्यवस्थापनलाई अन्य विषयगत क्षेत्रका क्रियाकलापहरुमा मुलप्रवाहीकरण गरिनेछ।

१६८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलाप सञ्चालनका लागि समपुरक कोषको व्यवस्था गरिनेछ।

१६९. विपद्मा सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई विपद् उत्तरदायि बनाइनेछ। सामाजिक सुरक्षा भत्ताको वितरण मनसुन अगावै गर्ने व्यवस्था गरिनेछ।

## ६. बहुक्षेत्रीय पोषण (MSNP)

१७०. पोषण संवेदनशील तथा पोषण विशेष कार्यक्रमहरु निरन्तरता दिइनेछ।

१७१. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानीय शासन (NFLG) अबलम्बन गर्न पोषण मैत्री वडा घोषणा विशेष अभियानलाई निरन्तरता दिइनेछ।

१७२. महिला, किशोरी र बालबालिकाहरुमा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकार र बारेकोट गाउँपालिकाको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ।

१७३. कडा कुपोषणबाट प्रभावित बालबालिकाको संख्या भएको क्षेत्रमा "**पोषण यूक्त कुपोषण मुक्त**" कार्यक्रम संचालन गर्न पहल गरिनेछ।

१७४. सुनौला हजार (१०००) दिने आमाहरुका लागि आवश्यक कार्यक्रम संचालन गरी पोषणका बारेमा पैरवी गरिनेछ।

१७५. पोषण तथा खाद्य समितिलाई विषयगत कार्यक्रमहरु संचालन भए नभएको अनुगमन गर्ने व्यवस्था मिलाईनेछ।

१७६. कडा शीघ्र कुपोषण र मध्यम शीघ्र कुपोषणको व्यवस्थापनमा सुधार ल्याइनेछ।

१७७. विद्यालय छोडेका किशोरीहरुलाई पोषण लगायत अन्य स्वास्थ्य सरसफाई सम्बन्धी आवश्यक ज्ञान र जीवन उपयोगी सीप सिकाउन पहल गरिनेछ।

१७८. प्रत्येक घरमा पोषण मैत्री परिवारीक वातावरण तयार बनाउन जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ।

१७९. सुनौला हजार (१०००) दिनका विपन्न महिलाहरुको पोषण सुधारका लागि आयआर्जन अनुदान कार्यक्रम सञ्चलन गरिनेछ।

## ७. संस्थागत विकास, सेवा प्रवाह, सुशासन तथा अन्तरसम्वन्ध।

१८०. राजश्वका क्षेत्रहरुलाई पहिचान गरी गाउँपालिकाको आन्तरिक आयलाई प्रभावकारी रुपमा सङ्कलन गर्न राजश्व सुधार योजना कार्यान्वयन गरिनेछ।

१८१. यस आ.व. मा कायम भएको बेरुजु फर्योट गर्नेगरी बेरुजु फछ्यौंट वर्षको रुपमा प्राथमिकता दिइनेछ। यसको लागि गाउँसभा अन्तर्गत रहेको सार्वजनिक लेखा समितिलाई नियमानुसार कृयाशिल बनाइनेछ।

१८२. पशु सेवा शाखाको सेवा प्रवाहलाई प्राभवकारी बनाउन पशु सेवा शाखाको छुट्टै भवन निर्माणको लागि पहल गरिनेछ।

१८३. व्यवसायिक कृषिलाई प्रवर्द्धन गर्न कृषि विकास गुरुयोजना तयार गर्न पहल गरिनेछ।

१८४. सेवा प्रवाहलाई "**कागज विहिन** (Paper Less)" पालिकाको रुपमा अगाडी बढाउन, प्रत्येक शाखाहरुमा विद्युतीय प्रणाली अनलाईन मार्फत कार्य संचालन गर्न व्यवस्था मिलाइने।

१८५. गाउँपालिका भित्र कार्यरत जनशक्तिलाई सूचना प्रविधिमा लगायत सेवा प्रवाहमा आधारित पुर्नताजकी तालिमको व्यवस्था गरिनेछ।

१८६. आवश्यक ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा निर्देशनहरु तयार गरिनेछ।

१८७. गाउँपालिकाको खरिद गुरुयोजना बनाई सार्वजनिक खरिद ऐन अनुसार खरिद प्रक्रियालाई अझै पारदर्शी तथा प्रभावकारी बनाईनेछ।

१८८. कर्मचारीहरुको क्षमता विकासका तथा वडा र अन्य शाखाहरुको संस्थागत विकासका लागि आवश्यक पहल गरिनेछ।

१८९. गाउँ प्रहरी गठनका लागि आवश्यक अध्ययन गर्न कार्यदल गठन गरी प्रक्रिया अगाडि बढाउन पहल गरिनेछ।

१९०. भौगोलिक रुपमा सीमा जोडिएका र सामाजिक सम्वन्ध स्थापित छिमेकी पालिकाहरुसँगको सहकार्यमा सीमा क्षेत्र विकास कार्यक्रम संचालनका लागि पहल गरिनेछ।

१९१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरुद्वारा सञ्चालन गरिने कार्यक्रमहरुलाई पारदर्शी र जवाफदेही बनाइनेछ।

१९२. विकास साझेदारहरुको सहयोगलाई स्थानीय प्राथमिकताको क्षेत्रमा बजेट प्रणाली र स्थानीय सञ्चित कोष मार्फत परिचालन हुने व्यवस्था मिलाइनेछ।

१९३. विकास साझेदारहरुबाट हुने कार्यक्रमहरु (सचेतना, अध्ययन, अनुसन्धान र पूर्वाधार विकास) स्थानीय सरकारको वार्षिक विकास कार्यक्रममा आवद्धता गराई लागु गरिनेछ।

१९४. स्थानीय सरकारको प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानूनी व्यवस्था गर्दै लागिनेछ।

१९५. लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनेछ साथै आवश्यकताका आधारमा नयाँ आयोजनाहरु संचालनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने काम अगाडि बढाईनेछ।

१९६. प्रदेश समन्वय परिषद्का बैठकबाट लिइने निर्णय र गरिने साझा प्रतिबद्धतालाई प्राथमिकताका साथ कार्यान्वयन गर्न प्रदेश सरकारलाई सहयोग गर्ने नीति लिईनेछ।

१९७. शान्ति सुरक्षा कायम गर्न वडा नं ३ मुलसाम, वडा नं ४ दह वडा नं ६ घर्तिगाउँमा अस्थायी प्रहरी चौकी स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

१९८. सूचनाको हक प्रेस स्वतन्त्रता तथा सुशासन प्रवर्द्धनका लागि पत्रकारहरुको सहभागितामा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षणको वृत्त चित्र निर्माण ताथा प्रसारणमा जोड दिइनेछ।

## ८. विज्ञान, सूचना, सञ्चार तथा प्रविधि

१९९. गाउँपालिकामा सञ्चालनमा रहेको डाटा सेन्टरलाई थप व्यवस्थित गराइनेछ।

२००. गाउँपालिका, शाखा वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुलाई फोन सम्पर्कमा जोड्न नेटवर्क विस्तार गरिनेछ।

२०१. वडा नं. २ को देवल चौर देखि गाउँ कार्यपालिकाको कार्यालय सम्म सडक वत्तीको व्यवस्ता गरिने छ।

२०२. सामाजिक तथा आर्थिक रुपमा विपन्न घर परिवार पहिचान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## ९. प्रधानमन्त्री रोजगार

२०३. बढ्दो बेरोजगारी समस्या समाधान गरी रोजगारी सिर्जनाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ। कामदारको खातामा पैसा पुग्ने ब्यबस्था गरी रोजगार प्रवर्द्धन गर्नेकामलाई निरन्तरता दिइनेछ।

२०४. उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि अनुसार सीमान्तकृत वर्गको नेतृत्व, सहभागिता र सबैको स्वामित्व गर्ने नीति अवलम्वन गरिनेछ।

२०५. आगामी आर्थिक वर्ष २०८३/०८४ देखि सुरक्षित आप्रवासन (SAMI) कार्यक्रम संचालन गरिनेछ। जसबाट बैदेशिक रोजगारीमा जान इच्छुकहरुका लागि आवश्यक सहयोग तथा सहजीकरण गरिनेछ भने कार्यक्रमका लागि समपुरक वापतको आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२०६. सबै वडामा बेरोजगारहरुको सुचीकरण गरी उनीहरुका लागि बिशेष रोजगारको प्रबन्ध गरिनेछ।

२०७. लगानीको अभाबमा ब्यबसाय गर्नबाट बन्चितहरुका लागि बित्तिय संस्थाहरुको लगानी सुरक्षित गर्न आबश्यक बजेटको ब्यबस्था गरी यहि आर्थिक बर्षबाट बारेकोटमा बैकिङ्ग लगानीको बातावरण निर्माण गरिनेछ।

२०८. रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक र प्राविधिक सहायकहरुको श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयबाट  अषाढ मसान्त सम्म थप व्यवस्था नगरिएकाले जनशक्ति ब्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ।

२०९. श्रम बजार पहिचान र रोजगारी सिर्जनाका लागि बिशेष पहल गरिनेछ।

**गाउँ सभा सदस्य ज्युहरु !**

२१०. संघीय सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदानलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

२११. सञ्चालन खर्चलाई निश्चित सीमाभन्दा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेतर्फ सजग रही पूँजी निर्माण हुने क्षेत्रमामात्र लगानी केन्द्रित गरी खर्च गर्ने क्षमता बढाउँदै लगिनेछ।

२१२. उपलब्ध साधन तथा स्रोतको अधिकतम उपयोग गर्न योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्न स्वचालित पद्दतिको अवलम्बन गरिनेछ।

२१३. दीर्घकालीन सोचका आधारमा आवधिक योजनालाई अद्यावधिक गर्दै त्यसको आधारमा वार्षिक बजेट र विकास कार्यक्रम तर्जुमा गरिनेछ।

२१४. संघ र स्थानीय तह, प्रदेश र स्थानीय तहको साझेदारीमा सम्पन्न गर्न सकिने तथा स्थानीय तह स्वयंले सञ्चालन गर्ने सम्भावित आयोजनाहरुको सूची तयार गरिनेछ।

२१५. वार्षिक बजेट तर्जुमा, कार्यान्वयन, सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदन लगायतका कार्यहरु तथ्य र मापदण्डको आधारमा गर्ने गरी वित्तीय जवाफदेहिता सम्बन्धी नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ।

२१६. प्रभावकारी अनुगमन तथा मूल्याकन पद्दतिको विकास गरिनेछ।

२१७. आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा नभएसम्म कार्यान्वयनका लागि बजेट व्यवस्था गरिने छैन।

२१८. एक आर्थिक वर्षभित्र सम्पन्न हुन नसक्ने पालिकाका महत्वका आयोजनाहरुलाई मात्र आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा भएपछि बहुवर्षीय आयोजनाको रुपमा बजेट व्यवस्था गरिनेछ। यसका लागि आयोजना तयारी फिल्टर बनाई लागु गरिनेछ।

२१९. नेपाल सरकार र प्रदेश सरकारसंगको समन्वयमा पालिका भित्र सञ्चालित योजनाहरुको प्रभावकारी रुपमा अनुगमन र मूल्याकन गरिनेछ।

२२०. पालिका भित्र सञ्चालित आयोजनाहरुको प्रभावकारी अनुगमनका लागि अनुगमन समितिको प्रत्यक्ष निगरानीमा स्थलगत अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

२२१. उपाध्यक्षको नेतृत्वमा रहने योजना अनुगमन समितिबाट प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२२२. आवश्यकता अनुसार आयोजनाहरुको तेस्रो पक्षबाट अनुगमन मूल्याकन गर्ने कानूनी प्रबन्ध मिलाईनेछ।

२२३. प्रभावकारी अनुगमनका लागि सूचना प्रविधिको विकास गरिनेछ र अनुगमनबाट प्राप्त नतिजाको समीक्षा गर्ने प्रणालीको विकास गरिनेछ।

२२४. पञ्जिकरण सम्बन्धी कामकाजलाई प्रभावकारी बनाउन पन्जीकरण अधिकारी तथा लेखा सहायकहरुलाई आवश्यकताका आधारमा व्यवस्थापन गर्दै क्षमता विकासका आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

२२५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण आयोजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिइनेछ।

२२६. सामाजिक सुरक्षा तथा राष्ट्रिय परिचयपत्र नं. (NIN) बायोमेट्रिक भेरिफाइ गर्नको लागि वडा कार्यालयमा IRS उपकर जडान गर्न पहल गरिनेछ।

२२७. व्यक्तिगत घटना दर्तालाई व्यवस्थित बनाउनका लागी अफलाइन घटना दर्ता भएको वडाहरुको अनलाइन प्रविष्ट गरी डिजिटाइजेसन गर्न व्यवस्था मिलाइनेछ।

२२८. कानूनी शासनको प्रवर्द्धन गर्न आवश्यक कानून निर्माण, कानूनी सचेतना, कानूनी परामर्श, कानूनी साक्षरता तथा कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

२२९. समग्र शासकीय कार्य सम्पादनमा आम जनता, नागरिक समाज, सञ्चार क्षेत्र, राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरु सबैले आ–आफ्नो जिम्मेवारी गम्भिरतापूर्वक वहन गरी नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सरकारी काम र निर्णयको पारदर्शिता, जनलेखा परीक्षण जस्ता नवीन शासकीय उपक्रम सञ्चालन गरी गाउँपालिकामा सुशासनको प्रत्याभूती गराईनेछ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा रचनात्मक, महत्वपूर्ण सल्लाह, सुझाव दिने विशेष र योगदान गर्नु हुने गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी साथीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण बारेकोटबासीहरुप्रति हृदयदेखि हार्दिक आभार सहित कृतज्ञता प्रकट गर्दछु। तपाईहरुको स्वस्थ आलोचना रचनात्मक सल्लाह सुझाव सदैव प्राप्त भइरहनेछ भन्ने विश्वास लिएको छु।

**धन्यबाद !**

**वीर बहादुर गिरी**
**अध्यक्ष**

"सुशासन सामाजिक न्याय र समृद्ध बारेकोट"

# बारेकोट गाउँपालिका

## गाउँ सभाको २३ औं अधिवेशनमा

## गाउँपालिका उपाध्यक्ष

## श्री नर बहादुर गिरीद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/२०८४ को बजेट वक्तव्य

मिति: २०८३/०३/१०

बारेकोट गाउँपालिका, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

२०८३

**सम्मानित गाउँसभाका अध्यक्ष महोदय,**
**सभाका सम्पूर्ण सदस्य ज्यूहरु।**

राष्ट्रियता लोकतन्त्र, अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक शसस्त्र-संघर्ष तथा शान्तिपूर्ण जनआन्दोलन-१, जनयुद्ध, जनआन्दोलन-२, मधेश-आन्दोलन लगायत राजनीतिक व्यवस्था परिवर्तनको लागि त्याग र आफ्नो जीवन बलिदान गर्नुहुने इतिहासका महान सहिदहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै वेपत्ता तथा घाईते अपाङ्ग योद्धाहरुको स्वास्थ्य लाभको कामना गर्दछु।

**गरिमामय सभाका अध्यक्ष महोदय,**

सङ्घीय शासन प्रणालीमा दुई वा दुई भन्दा बढी तहहरुले गर्ने शासन पद्धती हो। समकालिन विश्वमा भएका राजनीतिक व्यवस्थाको असल अभ्यास पनि हो।राज्यको पुनसंरचना पछि नेपालमा तीन तहका (संघ, प्रदेश र स्थानीय) सरकारहरुले शासन व्यवस्था सञ्चालन गरिरहेको विद्यमान अवस्था हो। नेपालको संबैधानिक व्यवस्था अनुसार संविधानको धारा ५७ र ६० मा राज्यशक्तिको बाँडफाड र राजस्व स्रोतको बाँडफाँड व्यवस्था गरेको छ। उल्लिखित राज्यशक्ति र राजस्व स्रोतलाई बाँडफाँड गर्दा धारा २३२ अनुसार तीनै तहका सरकारहरुको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम बारेकोट गाउँपालिकाको घोषित नीति तथा कार्यक्रमको धरातलमा आर्थिक बर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम गरिमामय सभामा पेश गर्न पाउदा ज्यादै खुसी र गौरव महसुश गरेको छु।

**सभाका अध्यक्ष महोदय,**

स्थानीय तहको दोस्रो आवधिक निर्वाचन पछिको ४ वर्ष पुरा गरेको समयावधि स्मरण गर्दै पालिकाको सम्मानित गाउँ सभा अधिवेशनमा गत/विगतका आ.व. मा घोषित नीति तथा कार्यक्रम र बजेटले दिगो विकासका केही नयाँ आयमहरु स्थापीत गरेको छ। सीमित स्रोतसाधन भएपनी विकासका पूर्वाधारहरु स्वास्थ्य, शिक्षा, कृषि, विकास निर्माणमा स्थानीय नागरिकहरुको संलग्नता, स्वस्थ रचनात्मक आलोचना सुझाबलाई ग्रहण गर्दै सरकारी तथा गैरसरकारी संघ संस्थाका कार्यक्रमहरु केन्द्रीकृत गरी उत्पादन मुलक रोजगारिमूलक सुशान र सामाजिक न्यायका पक्षमा भए गरेका असल अभ्यासहरु पनि छन। बजेटका क्षेत्रहरु स्वास्थ्य, शिक्षा, कृषि तथा भौतिक पूर्वाधारहरुको सुधार आन्तरिक राजश्वको सूचकहरु क्रमश लयमा फर्किनु सकरात्मक पक्ष हो।जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने स्थानीय सरकार हुनुको नाताले केही तिता मिठा असल अभ्यास र अनुभव, अनुभुती जनताबाट लिने र जनतालाई नै दिने प्रक्रिया निरन्तर रहेको

छ। २०८० कार्तिक १७ गतेको बारेकोट भूकम्पबाट क्षति भएका निजी आवासहरुको प्रवलिकरण, पुर्ननिर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखि पुर्ननिर्माण प्रक्रियालाई जोडदिइने छ।

विपद पछि अस्थायी आवास, पुननिर्माण गर्नु अघि राष्ट्रिय विपद तथा जोखिम न्यूनीकरण प्राधिकरणको कार्यविधि अनुसार विस्तृत क्षेती आँकलन (DDA) कार्य सकियको छ र केहि छुटेका घरधुरीहरुको लागि फेरी विस्तृत क्षेती आँकलन (DDA) गर्ने व्यवस्था मिलाइने छ। साथै भूमि समबन्धी समस्या र समाधानको लागि भुमि आयोगको नीति तथा कार्यक्रम अनुसार लगत संकलन गरी प्रविष्ट गर्ने कार्य सम्पन्न भइसकेको छ। भूमिहिन दलित, भूमिहिन सुकुम्बासीका समस्यालाई संघ, प्रदेश सरकारसँग समन्वय गरी यथासक्य पालिकाले आफ्नो समस्याहरुको समाधान गर्ने प्रयास गर्दै सुशासन सामाजिक न्याय समृद्ध बारेकोटको उद्घोषित लक्ष्यलाई संघ, प्रदेश र स्थानीय तहका ऐन, कानून, नियमावली तथा कार्यविधिहरुको मार्गदर्शनमा  कार्यन्वयन भइरहेको व्यहोरा सम्मानित सभामा पेश गर्दछु।

**सभाका अध्यक्ष एवं सभाका सदस्य ज्यूहरु,**

नेपालको राष्ट्रिय अर्थतन्त्र स्वभाविक रुपले सुस्त गतिबाट लयमा फर्कनु शुभ संकेत भए पनि अर्थतन्त्र गतिशील एवं चलायमान हुन सकेको छैन। आन्तरिक राजस्व, रेमिट्यान्स प्रक्षेपण, बैदेशिक व्यापार, बढ्दो व्यापार घाटा र स्वदेशी उत्पादनको क्षेत्रमा नीजि लगानीकर्ताहरुको लगानी सुनिश्चित नहुनु, दलाल तथा बिचौलियाहरुको चंगुलमा राष्ट्रिय अर्थतन्त्रमा नकरात्मक असर परी मुलुक यतिबेला Gray List मा रहेकोछ। जसको परिणाम स्वरुप चालु आर्थिक बर्ष २०८३।०८४ मा संघीय समानीकरण अनुदान कटौती गरी ८.५५%  ले हुन आउने रकम करिव ८४ लाख ३० हजार ३ सय घटेर आउने अर्थमन्त्रालयको परिपत्रले देखायको छ।

**सभाका अध्यक्ष महोदय,**

अब म गाउँपालिकाको आ.व. २०८३।२०८४ को **"सुशासन सामाजिक न्याय र समृद्ध बारेकोट"** मुल नारा सहित अनुमोदन भएको नीति तथा कार्यक्रमलाई  बजेटको माध्यमद्धारा व्यावहारिकरुपले कार्यन्वयनमा ल्याउनको लागि बजेटका उद्देश्य तथा प्राथमिकता सम्मानित गाउँ सभामा पेश गर्ने अनुमती चाहान्छु।

**उद्देश्यः**

- व्यावसायिक कृषि (रैथाने), पशुपालन (अलग मानव घर अलग पशु घर निर्माण), व्यावसायिक पर्यटन (हाई अल्तिच्युट म्याराथन), व्यावसायिक स्थानीय उत्पादन र उत्पादकत्वमा जोड दिने,
- सरकारी तथा विकास साझेदार संस्थाहरुसँग समन्वय गरी आर्थिक तथा प्राविधिक सहयोग र साझेदारीमा बृद्धि गर्ने,

- समुन्नत र मर्यादित जीवनका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवामा नागरिकको पहुँज विस्तार गर्ने,
- विभिन्न रोजगारीका अवसरहरु सिर्जना गरी गरिबी निवारणमा जोड दिने,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, जनजाती, तथा अपाङ्गता लगायत लक्षित समूहका व्यक्तिहरुको सशक्तिकरणमा जोड दिने,
- विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलन कार्यक्रम सञ्चालन गर्ने,
- २०८० को भूकम्पबाट क्षेती भएका निजी तथ सार्वजनिक संरचनाहरु पुनःनिर्माणमा जोड दिने,
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गर्न वातावरण प्रभाव मुल्याङ्कन गर्ने,
- शिक्षा र स्वास्थ्यका क्षेत्रमा गुणस्तरीयता कायम गर्न दक्षजनशक्ति तथा नव प्रविधि प्रवर्द्धन गर्न जोड दिने,
- वातावरण संरक्षण तथा जलवायु परिवर्तनको सन्दर्भमा पूर्वाधार निर्माण गर्दा दिगो विकासका लक्ष्यहरु वातावरण मैत्री बनाउन जोड दिने,
- प्रविधिको उच्चतम प्रयोग गर्दै सुशासन र सामाजिक न्यायको क्षेत्रमा नागरिकलाई सेवा प्रवाहमा सरलिकृत गर्न मौलिक हक एंव न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित गर्ने,
- महालेखा परीक्षकद्धारा उल्लिखित वेरुजु न्यूनीकरण तथा नियमित गर्न जोड दिने,
- आन्तरिक राजश्वलाई बृद्धि गर्न नीतिगत योजना बनाई करको दायरा फराकिलो बनाउने,
- संघ प्रदेश एंव दातृ निकायहरुको बीचमा समन्वय सहकार्य सह अस्तित्व कायम गर्ने,
- बारेकोटमा उपलब्ध स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्ने।

**प्राथमिकताः**

- व्यवसायिक उत्पादनमा जोड दिदै आत्मनिर्भर बारेकोट निर्माणमा प्राथमिकता दिइनेछ,
- भुकम्पबाट क्षती भएका निजी तथा सार्वजनिक पूर्वाधारहरुको पुनः निर्माणलाई प्राथमिकता दिइनेछ,
- कृषि र पर्यटन क्षेत्रको रुपान्तरणलाई प्राथमिकता दिइनेछ,
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमा, घर बिमा कार्यक्रम सुलभ र प्रभावकारी सेवा दिइनेछ,
- पुराना योजनाहरु सम्पन्न भई भुक्तानी बाँकी योजनाहरु, अधुरा तथा क्रमागत योजनाहरुलाई निरन्तरता तथा भुक्तानी दिइनेछ,
- भौतिक पूर्वाधार निर्माणमा विकास साझेदार संस्थाहरुसँग साझेदारी गर्न सकिनेछ,
- सडक सञ्जाल विस्तार गर्दा Bio-Engineering विधिलाई पनि प्राथमिकता दिइने छ,
- सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि,

- रोजगारी सिर्जना र गरिबी निवारण,
- सामाजिक समावेशिकरण र लैङ्गिक समानता,
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माण (वातावरणीय पुन:मुल्याङ्कन),
- शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तरीयता,
- सुशासन, सार्वजनिक सेवा प्रवाह र मानव संसाधन विकास,
- वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद व्यवस्थापन,
- प्रविधिको उच्चतम उपयोग,
- नागरिक सचेतना र शसक्तिकरण अभिबृद्धि गर्नु,

**सभाका अध्यक्ष महोदय,**

अब म नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आगामी आ.व. २०८३।०८४ को लागि घोषित नीति तथा कार्यक्रमका आधारमा प्रस्तावित बजेट, योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्देशन अनुसार अनुमानित आय तथा व्ययका स्रोतहरुका शिर्षकहरुलाई सम्मानित गाउँ सभाको २३ औं अधिवेशन समक्ष पेश गर्न अनुमित चाहान्छु।

प्राप्त बजेटका स्रोतहरु देहाय बमोजिम उल्लेख गरेको छु।

अनुमानित आयतर्फ:

| क्र.स. | शिर्षक | रकम रु |
|---|---|---|
| १ | पालिकाको आन्तरिक राजस्वतर्फ | ३७ लाख २० हजार अनुमानित प्रक्षेपण गरेको छु |
| २ | वित्तीय समानीकरण संघ | १० करोड १ लाख प्रक्षेपण गरेको छु |
| ३ | राजस्व बाँडफाँड संघ | १२ करोड २९ लाख ४३ हजार प्रक्षेपण गरेको छु |
| ४ | समपूरक अनुदान संघ | १ करोड ७७ लाख प्रक्षेपण गरेको छु। |
| ५ | शर्सत अनुदान संघ | २१ करोड २० लाख प्रक्षेपण गरेको छु |
| ६ | विशेष अनुदान संघ | १ करोड प्रक्षेपण गरेको छु। |
| ७ | राजस्व बाँडफाँड प्रदेश | १८ लाख ६ हजार २ सय ४६.४० प्रक्षेपण गरेको छु |
| ८ | प्रदेश सरकार वित्तीय समानीकरण अनुदान | १ करोड १० लाख ७ हजार पक्षेपण गरेको छु। |
| ९ | प्रदेश सरकार शर्सत अनुदान | १ करोड ८८ लाख ५२ हजार प्रक्षेपण गरेको छु। |
| १० | प्रदेश सरकार समपुरक अनुदान | ० |
| ११ | प्रदेश सरकार विशेष अनुदान | ९० लाख प्रक्षेपण गरेको छु। |

| | | |
|---|---|---|
| १२ | बैंक मौज्दात अ.ल्या. | १ करोड प्रक्षेपण गरेको छ। |
| १३ | बिभिन्न संघ संस्थाहरुसँग साझेदारी कार्यक्रम | ६ करोड ३१ लाख ५० हजार ६ सय २०.३३ रहेको छ। |

आर्थिक बर्ष २०८३।०८४ को जम्मा अनुमानित रकम **रु. ५८ करोड २ लाख ७८ हजार ८ सय ६६.७३ को आय प्रक्षेपण गरेको छु।** जस मध्ये विकास साझेदार संस्था एंव संङ्घीय र प्रादेशिक विकासका कार्यक्रम समावेश गरिएको छ।

**सभाका सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को गाउँपालिका तथा वडा तहमा गाउँपालिकाबाट विनियोजित बजेटका विषय क्षेत्रगतरुमा कार्यक्रम र विनीयोजन प्रस्तुत गर्छु। जस मध्ये विषय क्षेत्रगत रुपमा समग्र बजेट विनीयोजनको अवस्था प्रस्तुत गर्छु

| विषयक्षेत्र | बजेट | प्रतिशत |
|---|---|---|
| आर्थिक विकास | १ करोड ५० लाख ५० हजार | ९.४८% |
| सामाजिक विकास | ८ करोड ७५ लाख | ५५.१०% |
| पूर्वाधार विकास | **४ करोड ६६ लाख ४१ हजार २४६.४०** | २९.३७% |
| वन, वातावरण तथा विपद व्यवस्थापन | ३० लाख | १.८९% |
| सुशासन तथा संस्थागत विकास | ६६ लाख | ४.१६% |
| **बिषय क्षेत्रगतरुपमा जम्मा पुँजीगत खर्च रु** | **१५ करोड ८७ लाख ९१ हजार २४६.४०** | **१००%** |

**चालु तर्फको रकम रु ९ करोड ७ लाख ८५ हजार रुपैयाँ विनियोजन गरिएको छ।**

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**

अब म आगामी आ.व.२०८३।०८४ का आर्थिक विकास तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः

१. <u>कृषि विकास अन्तर्गतः</u>

लागत सहभागितामा फलफूलको बगैचा व्यवस्थापन कार्यक्रम एक वडा एक उत्पादन कार्यक्रम किवि, आलु, ओखर, गाभा उत्पादन, च्याउको विऊ वितरण करेसाबारी प्रर्वद्धन, प्रत्येक वडामा जैविक तरकारी फर्म, फलफूल व्यवस्थापन कार्यक्रम रैथाने बाली प्रवर्द्धन, प्रत्येक वडामा जैविक तरकारी फर्म स्थापना, विभिन्न मसलाबाली र मौरीपालन प्रवर्द्धन जस्ता कार्यक्रमको लागि **रु.४० लाख** रकम विनियोजन गरेको छु।

२. <u>पशु सेवा शाखा अन्गर्गत</u>

एक वडा एक प्राविधिक, गोठलो भत्ता, औषधी खरिद लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिदै पशु सेवा केन्द्रको लागि एकमुष्ट रकम **रु. ५९ लाख** रकम विनियोजन गरेको छ।

३. <u>भूमि व्यवस्था सहकारी तथा वित्तीय सेवा अन्तर्गत</u>

जग्गा वर्गिकरण कार्यलाई निरन्तरता दिदै एकमुष्ट **रु.३ लाख** रकम विनियोजन गरेको छ।

४. <u>उद्योग यपर्यटन तथा व्यवसाय प्रवर्द्धन अन्तर्गत</u>

विश्वमा लोपोन्मुख लाटोकोसेरो तथा हुचिल सम्मेलनको लागि **रु.१५ लाख ५० हजार** रकम विनियोजन गरेको छ।

५. <u>भूमि आयोग तर्फ</u>ः

भूमिहिन दलित, भूमिहिन सुकुम्बासि र अव्यवस्थित वसोबासिहरुलाई व्यस्थापन गर्नको लागि एकमुष्ट **रु. ८ लाख** रकम विनियोजन गरेको छ।

६. <u>उद्यम विकासतर्फः</u>

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ अनुसार नयाँ उद्यमी श्रृजना गर्न, संचालित उद्यमहरुको स्तरोन्नती, व्यापारिक मेला तथा प्रदर्शनी, व्यवसाय प्रवर्द्धन कार्यक्रमका लागि **रु.१० लाख** रकम विनियोजन गरेको छ।

७. <u>श्रम रोजगार तथा गरिबी निवारण तर्फ</u>

श्रम रोजगार तथा गरिबी निवारण तर्फका विभिन्न आयोजनाहरुको लागि गाउँपालिकाले गर्नुपर्ने ५० प्रतिशत लागत साझेदारीका लागि एकमुष्ट **रु. १५ लाख** विनियोजन गरेको छ।

**सभाका सभाध्यक्ष ज्यू र सम्पूर्ण सभाका सदस्य ज्यूहरु,**
**अब म आगामी आ.व. मा सामाजिक विकास तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः**

१. <u>स्वास्थ्य तर्फ तथा पोषण तर्फः</u>

स्वास्थ्य तथा सरसफाई शाखा अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत जनशक्तिहरुलाई निन्तरता दिदै प्रसव केन्द्र सुधार उपाध्यक्ष कार्यक्रम, संस्थागत सुधार कार्यक्रम, जेष्ठ नागरिक घरदैलो कार्यक्रम, औषधीको अभाव हुन नदिनको लागी प्रयाप्त औषधीको व्यवस्थापन, गर्भवती सुत्केरीका परिवारसँग अन्तरक्रिया कार्यक्रम र आकस्मिक गर्भवती प्रेषण तथा एम्बुलेन्स व्यवस्थापन लगायत स्वास्थ्य क्षेत्रमा एकमुष्ट **रु. २ करोड ६५ लाख** रकम वियियोजन गरेको

२. **शिक्षा, भाषा, कला तथा सहित्य तर्फः**

गाउँपालिका अनुदान मा कार्यरत शिक्षक, बालविकास सहजकर्ता र सम्पूर्ण करार सेवामा कार्यरत कर्मचारीहरुका लागि हाल खाइपाइ आएको तलबमा मासिक **रु. २०००/-** बृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ । त्यस्तै शिक्षा यूवा तथा खेलकुद शाखा अन्तरगत स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक लेखन तथा छपाई, बालबालिकाहरुको प्रतिभा पहिचाहन कार्यक्रम, वालमैत्रि कक्षाकोठा व्यवस्थापन लगायतका कार्यक्रमका लागि जम्मा **रु.४ करोड ५० लाख** रकम विनियोजन गरेको छ।

३. **खानेपानी तथा सरसफाई शाखा अन्तर्गतः**

एक घर-एक धारा खानेपानी आयोजना कार्यक्रमालाई निरन्तरता दिँदै ल्यान्डफिल साइट निर्माण तथा व्यवस्थापन, फोहोरको स्रोतमै वर्गीकरण सम्बन्धि सचेतनामुलक कार्यक्रम, सार्वजनिक सौचालय निर्माण कार्यक्रमका लागि एकमुष्ट **रु. ८९ लाख** रकम विनियोजन गरेको छ।

४. **सामाजिक समावेशीकरण अन्तर्गतः**

सामाजिक विकास समिति अन्तर्गको लैङ्गिक सामाजिक समाबेशिकरण (महिला बालबालिका) को लागि एकमुष्ट **रु.१० लाख** रकम विनियोजन गरेको छ।

५. **युवा, खेलकुद तथा नव प्रवर्द्धन तर्फ**

बिद्यालय स्तरका बालबालिकाहरुको खेलकुद प्रति आकर्षण बढाउन राष्ट्रपति रनिङसिल्ड सञ्चालन तथा व्यवस्थापन लगायतका कार्यक्रमका लागि जम्मा **रु.२० लाख** रकम विनियोजन गरेको छ।

६. **मौलिक संस्कृति संरक्षण तर्फ**

स्थानीय मौलिक बाजागाजा संरक्षण, मौलो पुजा लयागयका कार्यक्रमका लागि एकमुष्ट रु. **१० लाख** रकम विनियोजन गरेको छ।

७. **सामाजिक सुक्षा तर्फ**

सामाजिका सुरक्षा तथा व्यक्तिगत घटना दर्तालालाई थप प्रभावकारी गराउन बायोमेट्रिक IRS सम्बन्धि स्थानीय पञ्जिकाधिकारिहरुलाई अभिमुखिकरण कार्यक्रम, बायोमेट्रिक डिभाइस खरिद, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही परिचय पत्र छपाइ तथा वितरण र ६० देखि ६९ उमेर समुहका लागि औषधी उपचार खर्च विदुर भत्ता कार्यक्रमको लागि **एकमुष्ट रु. २१ लाख** रकम विनियोजन गरेको छ।

८. **बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत**

पोषण मैत्रि स्थानीय शासन प्रवर्द्धन, विपन्न आय आर्जन, पोषण सेवा विस्तार लगायतका कार्यक्रमका लागि एकमुष्ट **रु. १० लाख** रकम विनियोजन गरेको छ।

**सभाका सभाध्यक्ष एंव सम्पूर्ण सभाका सदस्य महोदय,**
**अब म आगामी आ.व. का पूर्वाधार विकास तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः**

**१. पूर्वाधार विकासः**

भौतिक पूर्वाधार विकास समिति तर्फ भवन आवास तथा वस्ति विकास, सडक पुल तथा यातायात, समपूरक तथा भुक्तानी बाँकी, ऊर्जा र सेवा परामर्श शिर्षक अन्तर्गत एकमुष्ट रु. **४ करोड ६६ लाख ४१ हजार २ सय ४६.४० रकम विनियोजना गरेको छु।**

**सभाका सभाध्यक्ष एंव सम्पूर्ण सभाका सदस्य महोदय,**
अब म वन, वातावरण तथा विपद व्यवस्थापन तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः

| क्र.सं. | मुख्य कार्यक्रम तथा क्रियाकलापहरु | बजेट |
|---|---|---|
| १ | वन तथा वातावरण संरक्षण | **५ लाख** |
| २ | विपद जोखिम व्यवस्थापन | **२५ लाख** |
| | **जम्मा** | **३० लाख** |

**सभाका सभाध्यक्ष एंव सम्पूर्ण सभाका सदस्य महोदय,**
अब म आगामी आ.व. २०८३/०८४ का सार्वजनिक सेवा प्रवाह तथा सुशासन तर्फका बजेट तथा कार्यक्रम पेश गर्दछुः

**संस्थागत विकास तथा सुशासनः**

संस्थागत विकास तथा सुशासन समितिको लागि एकमुष्ट रकम रु ६६ लाख विनियोजन गरेको छु। विस्तृत विवरण तल उल्लेख गरेको छु।

| क्र.सं. | योजना तथा कार्यक्रम | बजेट रु. |
|---|---|---|
| १ | निती कानून न्याय तथा सुशासन | १० लाख |
| २ | संगठन तथा क्षमता विकास जनशक्ती व्यवस्थापन र सेवा प्रवाह | ५ लाख |
| ३ | गैर सरकारी संस्था परिचालन तथा साझेदारी | ४ लाख |
| ४ | राजश्व तथा स्रोत परिचालन | २ लाख |
| ५ | सूचना प्रविधि तथा विद्युतीय सेवा | ३० लाख |
| ६ | विभिन्न आकस्मिक स्वस्थ्य सेवा उपचार कोष | १५ लाख |
| | **जम्मा** | ६६००००० |

**रोजगार सेवा केन्द्र:**

१. राष्ट्रिय रोजगार कार्यक्रम अन्तरगत नेपाल सरकार मार्फत कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु सञ्चालन गरि रोजगारी सृजनाका गर्नका लागि समपुरक अनुदान बाट आवश्यक रकम विनियोजन गरेको छु।

**सभा अध्यक्ष एवं सभासदस्य महोदय,**

**चालुतर्फ:**

अब, म आ.व. २०८३/०८४ को अनुमानित चालु. खर्च **९ करोड ७ लाख ८५ हजार** रकम खर्च प्रक्षेपण गरेको छु।

**चालु खर्च शिर्षक अन्तर्गत**

क. कर्मचारी र पदाधिकारीको पारिश्रमिक तथा तलब भत्ता, चाडपर्व खर्च, पोषाक भत्ताका सुविधा,
ख. वडा समिति तथा कार्यालय संचालन व्यवस्थापन, सवारी साधन खर्च,
ग. कार्यालय संचालन खर्च,
घ. विविध तथा अन्य खर्च शिर्षकहरुमा विनियोन गरी खर्च हुने व्यवस्था मिलाएको छु।

**दातृ निकाय संघसंस्थाहरु:**

अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु अन्तर्गत सहास नेपाल, फेज नेपाल, मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल, प्रतिबद्ध परियोजना-४, जलस्रोत व्यवस्थापन कार्यक्रम हेल्भेटास नेपाल, पहाडी क्षेत्रविकास कार्यक्रम (HRDC-Syahar-II Jajarkot), पाँचतारा युवा संरक्षक मन्च, MNCHN EpiC Project in Jajarkot, One Heart Worldwide लगायत अन्य गैर सरकारी संघ संस्था तर्फ निर्धारित कार्यक्रमका आधारमा खर्च गर्ने व्यवस्था मिलाएको छु।

**सम्मानित सभा अध्यक्ष एंव सभाका सम्पूर्ण सदस्य महोदय,**

माथि उल्लेखित बिनियोजित बजेट स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्राप्त निर्देशन अनुसार बजेटको क्षेत्र/ उपक्षेत्रगत शिर्षकहरु सम्मानित गाउँसभामा पेश गरेको छु। क्षेत्र तथा उपक्षेत्रगत शिर्षकमा उल्लिखित बजेट कार्यक्रमले टोल/बस्ती तथा सम्बन्धित वडा समितिको सिफारिस भई आएका योजनाहरुको सूचीलाई विषयगत समितिहरुमा छलफल गरी एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भई प्राथमिकता निर्धारण गरी कार्यान्वयनको लागि लागत डिजाईन ईस्टिमेट डी.पि.आर प्रतिवेदनका आधारहरु तयारपार्न सबैको रचनात्मक सल्लाह सहित कार्यपालिकाको पूर्ण बैठकबाट

अनुमोदन भएको र सम्मानित गाउँसभाको २३ औ अधिवेशनबाट अनुमोदन गराई नेपालको सङ्घीयताको तीन आयाम राजनीतिक सङ्घीयता, वित्तीय सङ्घीयता, प्रशासनिक सङ्घीयताको मूल मर्मको जगमा आवश्यक नीति, कार्यविधि, ऐन तथा नियमावली निर्माण गरी इमानका साथ कार्यान्वयन गर्न सम्मानित गाँउ सभामा प्रतिवद्धता व्यक्त गर्दछु।

**अन्तमा,**

बार्षिक बजेट तथा योजना कार्यक्रम तर्जुमा गर्ने क्रममा नीतिगत सल्लाह रचनात्मक सुझाब कार्यन्वयन प्रक्रियामुखी बनाउने उद्देश्यका साथ दिनुहुने संघ प्रदेश र स्थानीय तहका राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, विज्ञ, अनुभवी, बौद्धिक वर्ग, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, पालिका अध्यक्ष ज्यू प्रमुख प्रशासकीय अधिकृत सन्दर्भ सामग्रीहरुको अध्ययनमा ध्यान लगाउन प्रेरित गर्ने विषयगत क्षेत्रका शाखा प्रमुख एवं प्रतिनिधि कर्मचारीहरु, गैरसरकारी संघ संस्थाका प्रमुख/प्रतिनिध, समग्रमा बारेकोटको विकास र समृद्धिको उच्च नारालाई कार्यान्वयन गर्न गराउन उर्जा एवं अमूल्य सुझाव सहित जनमत अभिव्यक्त गर्ने घरदेश र प्रदेशमा रहनु भएका सम्पूर्ण बारेकोटी जनता, आमा बुवा दाजुभाई तथा दिदीबहिनीहरु प्रति उच्च आदर एवं सम्मान व्यक्त गर्दछु। बजेटमा उल्लिखित प्रस्तावहरुलाई सम्मानित सभाको २३ औ अधिवेशनबाट आगामी आ.व. २०८३/०८४ को बार्षिक बजेटमाथि दफाबार छलफल सहित अनुमोदन हुने अपेक्षा सहित अपनत्व ग्रहण गर्न सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध सहित आभार एवं धन्यबाद व्यक्त गर्न चाहन्छु। सम्मानीत सभाका अध्यक्ष महोदय, सभाका सदस्यज्यूहरु हाम्रो अगाडि जनअपेक्षा र जिम्मेवारीहरुको भारी ठुलो छ। चुनौतीहरुको पर्खालहरु ठुला ठुला छन्। अवसरमा बदल्ने संकल्प गरौ भविष्य सुन्दर छ।

**धन्यबाद ।**

**नर बहादुर गिरी**
**संयोजक**
(वजेट तथा कार्यक्रम तर्जुमा समिति)
बारेकोट गाउँपालिका लिम्सा, जाजरकोट

## आ.व. २०८३/०८४ को विषयगत समितिलाई उपलब्ध बजेट सिलिङ्ग

| | | | |
|---|---|---|---|
| | बारेकोट गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>विषयगत मितिहरुलाई उपलब्ध बजेट सारांश | | |
| | (क) आर्थिक विकास | | |
| | शिर्षकहरु | बजेट रु. | कैफियत |
| १ | कृषि | ४000000 | |
| २ | पशुपंक्षी | ५९00000 | |
| ३ | पर्यटन | १५५0000 | |
| ४ | उद्यम विकास | १000000 | |
| ५ | भूमि व्यवस्था सहकारी तथा वित्तिय सेवा | ३00000 | |
| ६ | भूमि आयोग | ८00000 | |
| ७ | श्रम रोजगार तथा गरिवी निवारण | १५00000 | |
| | **जम्मा** | **१५0५0000** | |
| | **(ख) सामाजिक विकास** | | |
| १ | स्वास्थ्य तथा पोषण | २६५00000 | |
| २ | शिक्षा भाषा कला तथा साहित्य | ४५000000 | |
| ३ | खानेपानी सरसफाई | ८९00000 | |
| ४ | सामाजिक समाबेशीकरण (महिला बालबालबालिका) | १000000 | |
| ५ | यूवा तथा खेलकुद नव प्रर्वद्धन | २000000 | |
| ६ | मौलिक संस्कृति संरक्षण | १000000 | |
| ७ | सामाजिक सुक्षा | २१00000 | |
| ८ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १000000 | |
| | **जम्मा** | **८७५00000** | |
| | **(ग) भौतिक पूर्वाधार** | | |
| १ | भवन आवास तथा वस्ति विकास | ३000000 | |
| २ | सडक पुल तथा यातायत | २४१९१२४६.४0 | |

| | | | |
|---|---|---|---|
| ३ | समपुरक तथा भुक्तानी गर्न बाँकी | १४४५०००० | |
| ४ | ऊर्जा | २०००००० | |
| ५ | सेवा परामर्श | ३०००००० | |
| **जम्मा** | | ४६६४१२४६.४० | |
| | | | |
| **(घ) सुशासन तथा संस्थागत विकास** | | | |
| १ | निती कानून न्याय तथा सुशासन | १०००००० | |
| २ | संगठन तथा क्षमता विकास जनशक्ती व्यवस्थापन र सेवा प्रवाह | ५००००० | |
| ३ | गैर सरकारी संस्था परिचालन तथा साझेदारी | ४००००० | |
| ४ | राजश्व तथा स्रोत परिचालन | २००००० | |
| ५ | सूचना प्रविधि तथा विद्युती सेवा | ३०००००० | |
| ६ | विभिन्न आकस्मिक स्वास्थ्य सेवा उपचार कोष | १५००००० | |
| **जम्मा** | | ६६००००० | |
| | | | |
| **(घ) वन तथा वातावरण** | | | |
| १ | वन तथा वातावरं संरक्षण | ५००००० | |
| ३ | विपद जोखिम व्यवस्थापन | २५००००० | |
| **जम्मा** | | ३०००००० | |
| **पूजिंगत कुल जम्मा** | | १५८७९१२४६.४० | |
| **(च) प्रशासनिक खर्च चालु जम्मा** | | ९०७८५००० | |
| | कुल बजेट | २४९५७६२४६.४० | |
| | सशर्त | २६७५५२००० | |
| | जम्मा | ५१७१२८२४६.४० | |
| | **(च) दातृ निकाय / संघ सस्थाको जम्मा** | ६३१५०६२०.३३ | |
| | **सबै कुल बजेट** | रु.५८०२७८८६६.७३ | |

| | (छ) दातृ निकाय / संघ संस्था | | |
|---|---|---|---|
| क्र.सं. | दातृ निकाय / संघ संस्थाहरुको नाम | बजेट रु. | |
| १ | स्वच्छ व्यवसायी समूह नेपाल | 3083355.00 | |
| २ | नेपाल ग्रामिण पुर्निर्माण संस्था | 13382779.00 | |
| ३ | साहस नेपाल | 3946960.00 | |
| ४ | CMC नेपाल | 788239.33 | |
| ५ | SRHR In Nepal/I Pas Nepal पाँचतारायूवासंरक्षक मञ्च | 731396.00 | |
| ६ | हेल्भेटास नेपाल | 6020000.00 | |
| ७ | HRDC-Syahar-II Jajarkot | 30210000.00 | |
| ८ | MNCHN EpiC | 4710400.00 | |
| ९ | One Heart Worldwide/पाँचतारा यूवा संरक्षक मञ्च | 277491.00 | |
| | दातृ निकाय/संघ संस्था जम्मा (छ) | **63150620.33** | |